# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

औपचारिक शिक्षा पद्धतिमा निर्धारित पाठ्यक्रमको उद्देश्यलाई विद्यार्थी समक्ष पुर्‍याउन सक्रिय भूमिका निर्वाह गर्ने व्यक्ति शिक्षक हो । शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तकका विषयवस्तुलाई सहजता पदान गरी विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्न मद्दत पुर्‍याउँदछ । तसर्थ शिक्षक शैक्षिक गुणस्तर विकासको लागि एउटा मेरुदण्डको रुपमा स्थापित भएको छ । शिक्षक दक्ष भएका मात्र उनीहरुले दिने ज्ञान, सीप र धारण विद्यार्थीहरुमा प्रभावकारी रुपले स्थानान्तरण हुन्छ । विद्यालय तहका विद्यार्थीहरुलाई सम्बन्धित विषय कसरी सिकाउने भन्ने कुरा जति महत्वपूर्ण हुन्छ, त्यतिनै शिक्षकबाट प्रस्तुत विषयवस्तुलाई विद्यार्थीहरुले कसरी ग्रहण गर्दछन् भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । शिक्षकले जुन उद्देश्य तथा आकांक्षा लिएर विषयवस्तु अध्यापन गरिरहेको हुन्छ, विद्यार्थीहरुले प्रस्तुत विषयवस्तुलाई उही रुपमा ग्रहण नगर्न पनि सक्छन् । अर्थात् शिक्षकको शिक्षण र विद्यार्थीको बोधमा केही भिन्नता हुन सक्दछ । अतः शिक्षकमा विषयवस्तु कसरी सिक्छन् भन्ने बारेमा विभिन्न सिकाइ सिद्धान्तहरुको ज्ञान हुनु अपरिहार्य हुन्छ ।

शिक्षक त्यस्तो व्यक्ति हो, जसले यस देशका भोलिका कर्णाधार व्यक्तिलाई आफ्नो चाहना अनुरुप निर्माण गर्न सक्दछ । साँच्चै भन्नुपर्दा बच्चा एउटा काँचो माटो जस्तै हो र शिक्षकले उसको इच्छा अनुसार उसलाई सिकाउन सक्दछ । अझ भन्नुपर्दा तह भनेको आधारभुत तह बालबालिकाले आफ्नो घर छाडी प्रथम पाइला टेक्ने ठाउँ हो । त्यहाँ उसले राम्रो वताारण पाएमा त्यस अनुरुप शिक्षा आजैन गर्दै जान्छ । जसरी घर निर्माण गर्ने क्रममा जग बलियो बनाएमा घर बलियो हुन्छ त्यसरी नै बालकलाई पनि आधारभूत तह वा प्राथमिक शिक्षा राम्रोसँग दिन सकियो भने उसले उच्च शिक्षा पनि त्यही अनुरुप नै अगाडि बढाउन सक्छ र उसको भविष्य राम्रो बन्न पुग्छ । यसरी शिक्षकलाई समाजको आर्दश व्यक्तिको रुपमा लिन सकिन्छ । उसले विद्यार्थीको अन्तरनिहित क्षमताको विकास, आर्दश व्यक्तित्व, ज्ञान एवम् सीपको विकास गराई समाज र राष्ट्रको विकास र परिवर्तनको लागि संवाहकको भूमिका खेल्दछ ।

हिन्दू  धर्म र संस्कृतिको प्रभुत्व रहेको मुलुक भएको हुँदा परम्परागत हिन्दू धर्ममा आधारित गुरुकुलीय शिक्षा पद्धतिको आधारमा शिक्षाको विकास र व्यवस्थापन हुँदै आएको पाईन्छ । प्राचीनकालमा शिष्यहरु गुरुको आश्रममा गई गुरुको सेवा गर्ने, उनीहरुको स्याहार सुसार गर्नु, गुरुहरुको प्रिय चेला बन्न हरदम प्रयत्न गर्दथे । गुरुहरुले पनि शिष्यहरुलाई समय अनुसारको शिक्षा दिन्थे । त्यतिबेला गुरु वा शिष्यको सम्मान धेरै हुन्थ्यो । विद्या दान गर्नु र विना लोभलालच विद्यार्थीहरुलाई सिकाउनु आफ्नो कर्तव्य मानिन्थ्यो । प्राचीन कालमा शिक्षकलाई सर्वज्ञाता, सबै ज्ञानले भरिपूर्ण विद्धान लगायत अनेक नाम दिइन्थ्यो । जब अभिभावकले आफ्ना कलिला नानीहरुलाई योग्य, सक्षम र समय अनुकुलको व्यक्ति बनाउन विद्यालयमा पठाएर शिक्षकलाई सुम्पन्छन् । शिक्षकले विद्यार्थीलाई अक्षर चिनाउने देखि लिएर उच्च शिक्षा दिइरहेका हुन्छन् । शिक्षकले नै विद्यार्थीमा अध्ययन प्रति जिज्ञासा उत्पन्न गराइ पढ्नको लागि उत्प्रेरित गर्दछन् । परिवर्तित समय अनुसार नयाँ नयाँ ज्ञान, सीप र धारणा सिकाउँदछन् । विगतको अनुभव सँगाल्दै वर्तमानमा परिश्रम गर्न सिकाइ भविष्यको लागि मार्गदर्शन गर्ने काम पनि शिक्षकको हो । विभिन्न अत्याधुनिक प्रविधिको विकाससँगै शिक्षा क्षेत्रमा हिजो सिकेको ज्ञान आजको लागि अपूर्ण बन्दै गएको छ । जसले गर्दा समय सापेक्ष सुहाउँदो त्यही अनुकूलको शिक्षा दिनु शिक्षकको प्रमुख कर्तव्य हो । आजका बालबालिका भोलिका कर्णधार हुन् । तिनीहरुले नै भोलिका लागि सक्षम नागरिकको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यसको लागि शिक्षकले मार्गदर्शक एवम् निर्देशकको रुपमा दायित्व वहन गर्नुपर्ने हुन्छ ।

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रम, शैक्षिक सामाग्री, शिक्षण पद्धति, मूल्यांकन आदिको प्रभावकारी स्थान रहेको हुन्छ । तापनि शिक्षकले उपयुक्त किसिमको वातावरण निर्माण गरी सबैको उचित प्रयोग गरी विद्यार्थीलाई ज्ञान सीप प्रदान गर्न सकेमा माात्र सिकाइले सार्थकता पाउन सक्दछ । त्यसैले शिक्षण प्रक्रियाको केन्द्रीय तत्व वा व्यक्ति नै शिक्षक हो । शिक्षकले बालकको विकासात्मक, सामाजिक, धार्मिक परिवेश आदि अवस्थालाई अत्यन्तै ध्यानमा राखी प्रभावकारी रुपमा शिक्षण गर्न सकेमा बालबालिकाको भविष्य राम्रो बन्न जान्छ । यदि उसले प्रभावकारी शिक्षण गर्न नसकेमा बालकको जीवन सफल वा सार्थक बन्न सक्दैन । त्यसैले बालबालिकालाई कस्तो बनाउने भन्ने कुराको जिम्मेवारी शिक्षकको नै हुन्छ । त्यसैले शिक्षकले विद्यार्थीलाई एक किताबको रुपमा लिइ त्यसको पाना पाना पल्टाएर अध्ययन गर्न

सक्नुपर्दछ । शिक्षकले विद्यार्थीलाई के पढाउने भन्दा पनि उनीहरुप्रति सिकाइको धारणा कस्तो छ त्यसै अनुरुप शिक्षण गराउने प्रयास गर्नुपर्दछ । जसरी एउटा कलाकारले बिग्रेको यन्त्रलाई पनि बजाएर देखाइदिन्छ त्यसै गरी शिक्षक एक राम्रो कलाकार बन्नुपर्दछ । विद्यालय प्रवेश गर्दा बालक आफूमा भएको ज्ञान कसरी सदुपयोग गर्ने भनी उसलाई थाहा हुँदैन । उसले शिक्षकको सहयोगबाट नै क्रमबद्धरुपमा सिकाईलाई आफ्नो जीवनमा उतार्दै लैजाने प्रयास गर्दछ । त्यसैले शिक्षक एक कुशल कलाकार, धैर्यवान्, परिपक्वता भएको, पेशागत रुपमा मर्यादित, लगनशील, दयालु, विद्यार्थीको विचार बुझ्न सक्ने, सकारात्मक भावना राख्ने हुनुपर्दछ । अनिमात्र शिक्षकले विद्यार्थीलाई भविष्यको लागि सक्षम व्यक्ति बनाउन सक्दछ ।

शिक्षक एक सिकारु पनि हो किनभने उसले सबै कुरा जन्मजात नै सिकेर आएको हुँदैन । जसको लागि उसले विभिन्न तालिम, गोष्ठि, सेमिनार आदिबाट ज्ञान हासिल गरी त्यही अनुरुप विद्यार्थीलाई सिकाउनुपर्ने हुन्छ । परिवर्तित समय सँगसँगै आफ्नो ज्ञानलाई पनि त्यसै अनुसार परिमार्जन गर्दै लानुपर्ने हुन्छ । अत शिक्षकले विद्यार्थीलाई नयाँ ज्ञान, सीप, धारणाहरु सिकाउँदै लैजानुपर्ने हुन्छ । अनिमात्र सिकाइ समयानुकूल हुन्छ । आफ्नो शिक्षणमा हुनुपर्ने शैक्षिक गुणहरु विकास र विस्तार गर्न निरन्तररुपमा क्रियाशील भइरहनु पर्दछ । शिक्षण कार्यलाई समय सापेक्ष बनाउनु, शिक्षणमा आएको परिवर्तन, नयाँ चिन्तन र प्रविधिलाई आत्मसाथ गरी प्रभावकारी शिक्षण गर्न सम्बन्धित विषयवस्तुको बारेमा शिक्षक निरन्तर रुपमा अध्ययनरत भइरहनु पर्दछ । विद्यार्थीमा अन्तरनिहित मौलिकतालाई प्रोत्साहन गर्नुका साथसाथै शिक्षकले आफ्नो कामप्रतिको झुकाव उसको आवश्यकतालाई पूरा गर्ने खालका उत्प्रेरणा पनि प्रदान गर्नुपर्दछ । शिक्षकले कहिले पनि विद्यार्थीलाई सम्पूर्ण कक्षाको सामुन्ने उसको व्यक्तित्वमा आँच पुग्ने किसिमको वक्तव्य दिनुहुँदैन ।

शिक्षकको कार्य शिक्षा दिनु मात्र नभएर वा विद्यार्थीले कति धेरै कुरा सिक्न सके भन्ने मात्र नभएर बरु सिकेका कुराहरु विद्यार्थीका लागि कति अर्थपूर्ण रह्यो, त्यसको लेखाजोखा गर्नु हो । शिक्षकले आफूले पढाउने विभिन्न विषयवस्तुलाई विभिन्न कक्षा, विविध सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, धार्मिक, सांस्कृतिकक वातावरणका बालबालिकालाई अध्यापन गर्नुपर्ने भएकोले सबै पक्षसँग राम्रोसँग परिचित हुन सक्नुपर्दछ । शिक्षकले एउटै शिक्षण विधि, तरिकाबाट बालबालिकालाई अध्यापन गराउन सक्षम हुन सक्दैनन् । किनकी

उनीहरुको घरायसी वातावरण फरक फरक हुन्छ । त्यसैले उनीहरुले  बुझ्नको लागि मातृभाषाको प्रयोग गर्नुपर्ने हुन्छ । अत शिक्षकले सकेसम्म बालबालिका कुन वातावरणबाट विद्यालय आएका छन् त्यो वातावरणको गहिराइसम्म पुगी अध्यापन गर्नुपर्ने हुन्छ । तामाङ भाषा बोल्ने छ भने त्यही भाषामा अनुवाद गरी बुझाउने प्रयास गर्नुपर्दछ । त्यस्तै अरु भाषा बोल्ने विद्यार्थीहरु छन् भने त्यसै अनुसार बुझाउने प्रयास गर्नुपर्दछ । अनिमात्र शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बन्न जान्छ । अझ भन्नुपर्दा प्राथमिक तहमा त बालबालिकाले आफ्नो मातृभाषाबाट भर्खर विद्यालय प्रवेश गरेका हुन्छन् जसले गर्दा उनीहरुमा अरु भाषाको ज्ञान हुँदैन । तसर्थ  सोही अनुरुप शिक्षकले शिक्षण गर्नुपर्ने हुन्छ । शिक्षक तथा विद्यार्थीबीच आपसी समझदारी र विचारहरुको स्वतन्त्र आदान प्रदान गर्न सकिने तथा विश्वासको वातावरण सिर्जना हुनुपर्दछ । कुनैपनि विषयको शिक्षणलाई प्रभावकारी बनाउनको लागि शिक्षक सभ्य, प्राज्ञिक, तीक्ष्ण बुद्धि, सिक्न जिज्ञासु र वर्षौंको अनुभवी हुनुपर्दछ । साथै शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरुको समाधानका लागि विभिन्न तरिकाहरुको ज्ञाता, विभिन्न विषयहरु र तिनीहरुबीचको सम्बन्धको प्रखर दखल भएको र समस्यालाई सदैव सकारात्मक ढंगले हेर्ने व्यक्ति हुनुपर्दछ । शिक्षक विद्यार्थीहरुबाट नयाँ सुझावहरु लिन सक्ने र लिन खोज्ने हुनुपर्दछ । यि माथि उल्लेखित गुण भएका शिक्षकलाई विद्यार्थी र प्रशासनबाट सहयोग, आदर तथा सौहार्दता प्राप्त हुन्छ र शिक्षण सिकाइ प्रक्रिया सफल, प्रभावकारी बनाउनमा मद्दत पुग्दछ । (लुईटेल,२०६९/०७०)

समग्रमा आधारभुत तह भनाले कक्षा एक देखि पाँच कक्षा सम्मका दिने शिक्षा लाई जनाइन्थो तर हाल यसलाई  बाल विकास देखि कक्षा ८ सम्मका कक्षामा दिइने शिक्षालाई जनाउछ ।  यस तहमा दिइने शिक्षाका संदर्भमा शिक्षा मनोबैज्ञानिम्कहरुले अ-आ धरणा अधि सारेका छन । यस तहका ब्यबहाबादी शिकाइका शिद्धान्त,सामाजिक सिकाईका शिद्धान्त ,आदि छन । सिकाई लाई एक जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । यसलाई समय सापेक्ष रुपमा अगाडि बढाउनको लागि शिक्षक स्वयम् क्रियाशील भई आफ्नो ज्ञान र सीपको विस्तार गरी परिवर्तित ज्ञान, विचार र प्रविधिसँग समायोजन गर्न सक्नुपर्दछ । त्यस किसिमको ज्ञान र सीप विद्यार्थीलाई दिइ त्यसै रुपको समाज निर्माण गर्नु शिक्षकको दायित्वको रुपमा आउँछ । त्यसरी नै शिक्षकले एक सामाजिक परिवर्तनको संवाहकको रुपमा रही समाजको भलाई गर्ने व्यक्ति अथवा विद्यार्थीलाई सही मार्ग निर्देशन गर्न प्रमुख दायित्व निर्वाह गर्नुपर्दछ ।

## १.२ समस्याको कथन

औपचारिक शिक्षाको सबैभन्दा पहिलो तह आधारभुत तह हो । आधिकारिक र औपचारिक रुपमा नेपालमा सुरु भएको प्राथमिक तहको प्रारम्भविन्दु वि.सं.१९१० लाई लिनुपर्दछ । वि.सं.२००७ सालको प्रजातन्त्र प्राप्ति पछि नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन समितिले नेपालको प्राथमिक शिक्षालाई ५ वर्षको संरचनामा राख्ने नीतिगत अवधारणा अवलम्बन गरे, भने राष्ट्रिय पाठयक्रम प्रारुप २०६३ ले प्राथमिक शिक्षालाई सर्वसुलभ, व्यापक र गुणस्तरीय बनाउन विधालय पाठयक्रम लाई आधारभूत तहका रुपमे प्राथमिक शिक्षालाई लिन थालिएको छ । यसरी शिक्षाको विकास र विस्तार भएसँगै परिवर्तित समय अनुकूल समायोजन गर्न र राष्ट्र र जनताको आकांक्षा परिपूर्ति गर्नका लागि यसको संरचना, पद्धति, क्षेत्रहरुमा परिवर्तन भइरहेको हुन्छ । परिवर्तित ज्ञान र प्रविधिलाई सिकारु समक्ष पुर्‍याउनका लागि शिक्षकले राम्रो भूमिका खेल्नुपर्दछ । शिक्षकमा ज्ञान र प्रविधिको उपयुक्त ज्ञान भएन भने शिक्षाको गुणस्तर कायम हुन सक्दैन । जसका लागि शिक्षकले आफूले पढाउने विषयवस्तुमाथि गहन अध्ययन गरी त्यस विषयवस्तु विद्यार्थीलाई कसरी राम्ररी बुझाउने भन्ने कुरालाई मनन गर्नुपर्दछ । यसका लागि शिक्षकले विषयवस्तुको ज्ञानमा सुधार, शिक्षण विधिको उपयुक्त प्रयोग, कक्षाकोठाको उचित व्यवस्थापन, सिकाइ वातावरण निर्माण, नेतृत्वसीपको विकास तथा समुदायको ज्ञान, विभिन्न सांस्कृतिक पक्ष जस्ता कुराहरुको जानकारी हुनु आवश्यक हुन्छ । शिक्षामा नवीनतम चिन्तनहरुको विकास भइ त्यसै अनुसार प्रयोग भइरहेको तर यसमा आशा गरे अनुसारको उपलब्धि प्राप्त हुन नसकेको अवस्थामा शिक्षकहरुको सिकाइ प्रक्रिया अध्ययनको लागि निम्नानुसारको अनुसन्धनात्मक प्रश्नहरुलाई प्रस्तुत गरियो :-

- आधारभुत तहका शिक्षकहरुको ज्ञान र सीपको प्रस्तुतीकरण प्रक्रिया कस्तो छ ?
- सम्बन्धित विषय शिक्षकले शिक्षण सिकाइ कसरी गर्दछन् ?

- अध्यापन कार्यमा आइपरेका समस्या समाधान गर्न कस्तो उपाय अपनाउँछन् ?
- त्यो समस्या आफैंले समाधान गर्न नसके कसको सहयोग लिन्छन् ?
- शिक्षकहरुले विषयगत ज्ञान र शिक्षण विधिको विकास गर्न के-कस्ता समस्या झेल्दै आएका छन?
- शिक्षकहरुले आफूले पढाएको क्षेत्रमा कस्तो अनुभव गर्दछन् ?
- विद्यार्थी मूल्यांकन गर्न शिक्षकले त्यस सम्बन्धित ज्ञान कहाँबाट प्राप्त गर्दछन् ?
- शिक्षकहरुको ज्ञान, सीपको अभिवृद्धिकरणमा कस्ता-कस्ता चुनौतीहरु छन् ?
- त्यस्ता चुनौतिहरुलाई कसरी निराकरण गर्न सकिन्छ ?

माथि उल्लेखित अनुसन्धनात्मक प्रश्नहरुमा आधारित भएर यस अध्ययनसँग सम्बन्धित सूचना खोजि गरियो ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्यमा अध्यापनरतह आधारभुत तहका शिक्षकहरुको सिकाइ प्रक्रिया अध्ययन गर्नु रहेको छ । साथै यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहने छन :-

क. आधारभुत तह शिक्षकहरुको सम्बन्धित विषयमा ज्ञान र सीपको ,प्रक्रिया पहिचान गर्नु

ख. शिक्षकहरुको विषयगत ज्ञान र सीपको प्रक्रियाका  पत्ता लगाउनु

ग. ती कठिनाइहरु समाधान गर्ने उपायहरु खोजी गर्नु

## १.४ अध्ययनको औचित्य

समय परिवर्तनसँगै पाठ्यक्रम र पाठ्यपुस्तकका दुवै परिवर्तन तथा शैक्षिक क्षेत्रमा विकास भएका नवीनतम प्राविध, समसामयिक विषयवस्तुलाई शिक्षकले कसरी त्यससँगै

परिवर्तित गर्न सक्दछन् भनी अध्ययनकर्ताले अध्ययन गर्ने स्रोत बनाईयो । पाठ्यक्रम र पाठ्यपुस्तकको परिवर्तनसँगै शिक्षकले आफ्नो शिक्षण पेशामा आएको समस्यालाई त्यत्तिकै टार्ने कोशिश गर्नुभन्दा पनि त्यसलाई कसरी समाधान गर्नुपर्छ भन्ने तर्फ सकारात्मक सोच राख्नुपर्दछ । अत यस अध्ययनको औचित्यहरु निम्नानुसारको रहयो ।

- परिवर्तित समयसँगै शिक्षण विधि, प्रणाली, कार्यगत शैलीलाई समयसापेक्ष समायोजन गराउँदछन् भन्ने उपायको खोजी गरी उपयुक्त सुझाव पेश गर्नु यस शोध लेखनको औचित्य रहेको छ ।
- अध्ययनकर्ता प्रत्यक्ष संलग्न रही यसको वास्तविकता पत्ता लगाइ शैक्षिक क्षेत्रमा थप योगदान दिन सहयोग पुगेको छ ।
- आधारभुत तह शिक्षण सिकाइ प्रक्रियाको बारेमा चासो राख्ने सम्बन्धित पक्षलाई सहयोग मिल्नेछ भन्ने यस अध्ययनको औचित्य पुशिष्ट गर्दछ ।

## १.५ अध्ययनको सीमा्

कुनै पनि अध्ययनको लागि निश्चित सीमा तोकिएको हुनुपर्दछ । जसले गर्दा अध्ययनलाई उद्देश्यमूलक, अर्थपूर्ण र प्रभावकारी बनाउन सकिन्छ । कुनै सीमा निर्धारण नगरी अध्ययन गर्दा त्यसमा विभिन्न खालका समस्या उत्पन्न हुन सक्दछ । त्यसैले यस अध्ययनको निम्नानुसार सीमा निर्धारण गरियो ।

- यो अध्ययन सुनसरी जिल्लामा रहेका श्री चन्द्रकमल मा.वि.मारचैया,सितापुर ५, सुनसारी ,श्री त्रिभुवन मा.वि.आरता बानकुलवा ,डुमाराहा-२ सुनसरी, श्री बि.पि.नि.मा.बि.डुमराहा-८ ,श्री सारस्वती प्रा.वि. डुमराहा ८, श्री शानिशाचरे मा.वि डुमाराहा १ ,श्री शेरहारा प्रा.वि. डुमराहा -३ मात्र सिमिता कायम गरियो ।
- यो अध्ययन छवटै विद्यालयको तहका विषयगत शिक्षकहरु जसमा प्रत्येक विद्यालयबाट स्थायी शिक्षकहरु आधारभुत तहसँग मात्र सिमित रहयो ।
- त्यस विद्यालयमा अध्ययनरतआधारभुत तहका कुनै एक कक्षाका विद्यार्थीहरुलाई लक्षित समूह छलफलका लागि आकस्मिक नमुना छनोट गरियो ।

- सम्बन्धित विद्यालयका प्रधानाध्यापक र स्रोत व्यक्तिसँग मात्र सिमित रहयो ।
- यस अध्ययनमा शिक्षक, विद्यार्थी, प्र.अ. र स्रोतव्यक्तिको सूचनाको अध्ययनमा सिमित गरियो ।
- यस अध्ययनमा शिक्षकको ज्ञान, सीप अभिवृद्धिकरण गर्ने उपायमा/तरिकामा केन्द्रित रहयो ।

## १.६ महत्वपूर्ण शब्दावलीको परिभाषा

शिक्षकः आधारभुत तह अध्यापनरत स्थायी शिक्षक

सिकाइ प्रक्रिया : शिक्षकले ज्ञान, सीप अभिवृद्धिकरण गर्ने उपाय/तरिका

# अध्याय - दुई

# साहित्यको पुनरावलोकन

अनुसन्धान कार्यका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु एउटा महत्वपूर्ण पक्ष हो । साहित्यको पुनरावलोकन कुनै विषयमा अनुसन्धानको लागि शीर्षक छनोट गर्नुभन्दा अगाडि देखि नै सुरु गरिन्छ र अनुसन्धान प्रतिवेदन पूरा नहुन्जेल सम्म चलिरहन्छ । साहित्यको पुनरावलोकन गर्नाले सम्बन्धित क्षेत्रसँग यथेष्ट विषयवस्तुको परिचय, जानकारी एवम् ज्ञान दिलाउन सहयोग पुग्दछ । यसले अध्ययनकर्तालाई कसरी अध्ययन अगाडि बढाउन सकिन्छ भन्ने बारेमा मार्ग निर्देशन गर्दछ । तसर्थ अनुसन्धानकर्ताले कुनै विषयवस्तुसँग सम्बद्ध भएर जुन अध्ययन गर्न लागेको छ सो समस्याको सैद्धान्तिक आधार, संरचना एवम् त्यस विषयसँग भएका पूर्व साहित्यहरुको पुनरावलोकन गर्नु एक महत्वपूर्ण पक्ष हो । यस अध्ययनमा आधारभुत तहका शिक्षकहरुको सिकाइ प्रक्रियाको अवस्था अध्ययन गरिने हुँदा आधारभुत शिक्षा सँग सम्बन्धित प्रकाशित शैक्षिक दस्तावेज, विभिन्न शोधपत्रहरु, शिक्षकहरुले शिक्षण गर्दा प्रयोग गरिने विभिन्न खालका शिक्षण विधिहरु, आधारभुत शिक्षा सम्बन्धि भएका नवीनतम खोजहरुलाई  गरिएको छ :-

## २.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन

सिद्दान्तको सर्बमान्य  सर्बब्यापि परिभाषा नभएपनि बिज्ञान, दर्शन र शिक्षा संग सम्बन्धि साहित्यहरुमा सिद्दान्तको प्रकृति र कार्यहरु बारे उल्लेख भएको पाइन्छ । मानबिकि, प्राकृतिक बिज्ञान, र  समाज बिज्ञान ले बास्तबिकतालाई भिन्न भिन्न रुपमा हेर्ने  र सोहि अनुसारे आ-आफ्नै  धारणा र रुचि प्रतिबिम्बित हुने गरी सिद्दान्तको परिभाषा निर्माण गर्ने प्रयास गर्ने  हुनाले सिद्दान्तको सर्बमान्य  सर्बब्यापि परिभाषा नहुनु स्वभाविक पनि मान्न सकिन्छ । Theory शब्दावलि  ग्रीक शब्द theoria बाट आएको हो जसले  'मनको जागरुकता '  (wakefulness of mind) भन्ने जनाउंछ । Borg  / Gall (1979) का अनुसार "सरल शब्द मा सिद्दान्त ब्याबहारीक वा भौतिक घटना को ब्याख्या

सिद्दान्त हो ।" ( in simple term a theory is an explaination of behavioral or physical events) प्राकृतिक बिज्ञान क्षेत्रमा सिद्दान्त को उच्च बिकासको कारणले अन्य क्षेत्रमा सिद्दान्तको बिकासमा पनि बैज्ञानिक सिद्दान्त को प्रकृयालाई नै अनुसरण गर्ने अभ्यास गरेको पाइन्छ । सिद्दान्तको अर्थ र परिभाषामा केहि भिन्नता भएपनिसबै खालका परिभाषाहरुमा केहि समानता पाइन्छ । अधिकांश परिभाषाहरु घटनाहरुको समुह र ती घटनाहरुबिचको सम्बन्धमा केन्द्रित रहेको पाइन्छ । Kerlinger का अनुसार सिद्दान्त भन्नाले "अध्ययन गरेको बिषयबस्तु को ब्याख्या र पुर्वानुमानको लक्षका साथ बिभिन्न तत्वहरु बिचको सम्बन्ध किटान गरी अध्ययन गरेको बिषयबस्तु बारे सिलसिलाबद्ध दृष्टिकोण प्रस्तुत गर्ने एक आपसमा अन्तर सम्बन्धित रचना वा धारणाहरु, परिभाषाहरु र प्रस्तावहरु को समुह लाई जनाउंछ ।'(Cohen et al 2007 ) (a set of interrelated constructs or concepts definitions, and propositions that presents a systematic view of phenomena by specifying relations among variables, with the purpose of explaining and predicting the phenomena । रिचार्ड स्नो (Ornstein & hunkins 2007) भनाईमा सिद्दान्त मा तथ्यहरु, धारणाहरु, र तत्वहरु हुनुका साथै तिनिहरु बिचको सम्बन्ध पनि स्थापीत गरीएको हुन्छ . (a theory establishes a cause and effect relationship between variables with the purpose of explaining and predicting phenomena.) सिद्दान्तको निम्न उदाहरण अध्ययन गर्नुस् । व्यवहारवादी सिद्धान्त (Behaviorism) यो सिद्धान्तले मानिसको व्यवहारलाई विशिष्ट उत्तेजकप्रतिको प्रतिउत्तरहरूका](responses) संकलन मान्छ । प्रत्येक प्रतिक्रिया विशिष्ट उत्तेजकप्रतिको प्रतिउत्तर मानिन्छ । व्यक्तिले उत्तेजकप्रति गरेको प्रतिउत्तर (response) लाई सिकाइको संज्ञा दिइन्छ । यो प्रतिउत्तर व्यवहारका रूपमा देखापर्छ । यसअर्थमा यहाँ एगेन र कौचक (Sowell १९९६) को भनाइ सान्दर्भिक हुन आउँछ । उनीहरूका अनुसार, सिकाइले 'अनुभवको परिणामस्वरूप देख्न सकिने व्यवहारमा दिगो परिवर्तनलाई जनाउँछ'( learning is an enduring change in

observable behavior that occurs as a result of experience) . व्यवहारवादी सिद्धान्तका विभिन्न स्वरूपहरूको विकास भएको पाइन्छ ।

सम्बन्धवाद(connenctionism):यो सिद्धान्तको प्रतिपादक Thorndike हो । उनको मान्यताअनुसार सिकाइ दुई तत्व-उत्तेजक र प्रतिक्रिया -बीचको सम्बन्ध स्थापनाबाट हुन्छ । परिवेश वा उत्तेजक र प्रतिउत्तर बीचको स्नायु सम्बन्धको निर्माण भई त्यो सम्बन्ध सबल हुँदै जानु नै सिकाइ हो । यस अर्थमा कुनै कुरा सिकाउने क्रममा सिकाइने कुरा सम्बन्धी बातावरण वा उत्तेजक प्रस्तुत गरिन्छ । त्यो वातावरण वा उत्तेजक प्रति सिकारूले सही प्रतिउत्तर दिने प्रयास गर्छ । यसरी उत्तेजक र प्रतिउत्तर बीच सम्बन्ध स्थापना गरी त्यसलाई सबल बनाउँदै लग्ने कार्य नै सिकाइ हो ।यस सिद्धान्तअनुसार व्यक्ति कुनै समस्यामा पर्दा समाधानका लागि धेरै प्रयासहरू गर्छ । ती प्रयासहरूमा धेरै त्रुटिहरू हुन सक्छन् । यसरी प्रयत्न र भूलहरूका क्रममा सही प्रतिक्रिया पनि प्राप्त हुँदै जान्छ, त्रुटि कम हुँदै जान्छन् । अन्तमा त्रुटिरहित सही प्रतिक्रिया मात्र गर्न थाल्छ अर्थात् सिकाइ बलियो हुन्छ । Thorndike ले यस प्रक्रियालाई उत्तेजक र प्रतिउत्तर बीचको सम्बन्धका रूपमा व्याख्या गरे । Thorndike ले यस सम्बन्धवादको सिद्धान्तबाट तीनवटा नियमहरूको विस्तार गरेका छन् : तत्परताको नियम : यो नियमले कार्य गर्ने अंगको कार्यप्रतिको तत्परतालाई जनाउँछ । कार्यप्रति तत्परता भन्नाले कार्य गर्न पाएमा सन्तोष हुने र कार्य गर्न नपाएमा दिक्क लाग्ने अवस्थालाई जनाउँछ । अभ्यासको नियम: उत्तेजनाप्रतिको प्रतिउत्तरको कार्यपटक पटक दोहोरिएमा सम्बन्ध बलियो हुन्छ अर्थात् सिकाइ स्थायी हुन्छ । प्रभावको नियम : कार्य वा प्रतिउत्तर बाट सन्तुष्टि प्राप्त भएमा सम्बन्ध बलियो हुन्छ, अप्ठ्यारो भएमा सम्बन्ध वा सिकाइ कमजोर हुन्छ ।

शास्त्रीय सम्बन्धन: यो सिद्धान्तका प्रतिपादक पाब्लोभ हुन् । यो सिद्धान्तअनुसार तटस्थ वा कमजोर उत्तेजकप्रति व्यक्तिबाट प्रतिउत्तर प्राप्त हुनु सिकाइ हो । कमजोर वा अवास्तविक उत्तेजक (conditioned stimulus)सँग बलियो वा वास्तविक उत्तेजक (unconditioned stimulus)संगसंगै एक पछि अर्को प्रस्तुत गर्दा बिस्तारै कमजोर वा अवास्तविक उत्तेजक (conditioned stimulus) लाई नै बलियो वा वास्तविक उत्तेजक ठानी वास्तविक प्रतिउत्तर दिनसक्ने बन्नु सिकाइ हो । पाब्लोभको

परीक्षणमा घण्टी (कमजोर वा अवास्तविक उत्तेजक )सँग लगत्तै खाना (बलियो वा वास्तविक उत्तेजक) प्रस्तुत गर्दै जाँदा अन्तत घण्टीमात्र प्रस्तुत हुँदा पनि खाना ठानि कुकुरले ऱ्याल चुहाउनु सिकाइ हो । कार्यपरक सिद्धान्त :यो सिद्धान्त स्कीनरद्वारा मुसामा परीक्षण गरी प्रतिपादन गरिएको हो । यस सिद्धान्तअनुसार 'प्राणीले देखाउने कार्य (operant response) लाई पुनर्बल दिने उत्तेजक ( reinforcing stimulus) प्रस्तुत गरेमा प्रतिक्रिया गर्ने कार्य सबल हुँदै जान्छ ।'व्यक्ति वा प्राणीले कुनै उत्तेजकप्रति स्वेच्छिक रूपमा पहिले प्रतिक्रिया दिन्छ, जसलाई operant behavior भनिन्छ । उक्त प्रतिक्रिया सही भएमा पुनर्बल दिने उत्तेजक(reinforcing stimulus) प्राप्त गर्छ । यस अर्थमा पुनर्बल सही प्रतिक्रिया पश्चात् प्राप्त हुन्छ । पुनर्बल भन्नाले प्राणीले चाहेको वा सन्तोष हुने परिणाम वा वस्तु वा अवस्था हो ।

शैक्षणिक एवं सिकाइ प्रक्रियामा उपयोगलाई प्रभावकारी रूपमा प्रदर्शन गरेर शिक्षा क्षेत्रलाई आकर्षित गरे । सही व्यवहारहरूलाई योजनाबद्ध एवं श्रृंखलाबद्ध तरिकाबाट पुनर्बल प्रदान गर्दै लगेमा निश्चित एवं जटिल कार्य सिक्न गर्न सक्छ जसलाई स्कीनरको भाषामा व्यवहारको निर्माण गर्नु वा परिवर्तन(Behavior shaping) भनिन्छ । अपेक्षित व्यवहार प्रति उन्मुख हुने गरी प्रतिकृयाहरु वा कार्यहरुलाई क्रमबद्ध रूपमा एक पछि अर्को गराउँ दैलगेमा नयाँ व्यवहारको निर्माण हुन्छ ।

व्यवहार परिवर्तन विधिसिकारू र सिक्नुपर्ने व्यवहारका आधारमा फरक-फरक हुनसक्ने भएतापनि यसलाई व्यक्तिकृत शिक्षण प्रविधि,नियोजित सिकाइ ,कक्षा व्यवस्थापन प्रविधिसँग संयोजन गरी प्रयोग गरीन्छ । सिकारूहरूको क्रियाकलापलाई सिकाइ परिणाम वा अपेक्षित व्यवहारलाई आधार मानी निर्धारित गर्ने,संरचित गर्ने, क्रमबद्ध गर्ने, पुनर्बल दिने, पुरस्कृत गर्ने एवं मूल्याङ्कन गर्ने कार्य गरिन्छ । व्यवहारवाद सिकाईका शिद्धान्त विषयवस्तु वा सिकाउनुपर्ने कार्यमा दक्षता प्राप्त हुने गरी विषय सम्न्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्नको लागि साहित्यको पुनरावलोकन गरिन्छ । त्यस्तै अध्ययनको क्षेत्रसँग सम्बन्धित यथेष्ट विषयवस्तुको परिचय, जानकारी एवम् ज्ञानको लागि पूर्व साहित्यको अध्ययन गर्नुपर्दछ । यसले समस्या समाधानको लागि के-कस्ता उपायहरु भएका छन् र खोजी गर्न बाँकी समस्या के के छन् ?भन्ने बारेमा जानकारी हुन्छ । जसले गर्दा अनुसन्धानकर्ताले सम्बन्धित विषयमा पूर्व साहित्यको अध्ययन गर्नु अत्यावश्यक हुन्छ ।

सिकाइ प्रक्रियामा प्रभाव पार्ने तत्वहरुमा शिक्षकको व्यक्तित्वलाई एउटा तत्वको रुपमा मानिएको छ । शिक्षकको व्यक्तित्व भन्नाले एउटा कुशल, कलाकार र सम्पूर्ण ज्ञान, सीप एवम् प्रविधिका विशेषज्ञ शिक्षकको बोध हुन्छ । "शिक्षक सुयोग्य हुन्छ भने छात्रहरु चाँडै सिक्छन्" भन्ने भनाइ झैं एउटा कुशल एवम् सर्वज्ञानमान शिक्षकको व्यक्तित्वले निश्चित रुपमा सिकाइ प्रक्रियामा सकारात्मक प्रभाव पार्दछ । एउटा कुशल शिक्षकले छात्राहरुको रुचि, आवश्यकता एवम् भावनाको ख्याल गरी उनीहरुमा सरसल्लाह गरेर शिक्षण गर्दछ । धेरै कुरा घोकाउनु भन्दा सिकाउनु बढी श्रेयस्कर हो भन्ने कुरामा विश्वास राख्नु, त्यस्तै बालकको, सम्पूर्ण व्यक्तित्वको बौद्धिक, मनोविज्ञान, सामाजिक, संवेगात्मक र भावनात्मक विकासबारे चासो देखाउनु एक कुशल शिक्षकको व्यक्तित्व भित्र पर्दछ (शर्मा एण्ड शर्मा, २०६३) ।

अहिलेको विश्वमा विश्वमा शिक्षकको गहन दायित्व, जिम्मेवारी पेशा मानिन्छ । शिक्षणका बारेमा विभिन्न विद्वानहरुले विभिन्न अनुसन्धानहरु गरेका छन् । शिक्षणका सिद्धान्तहरु, शिक्षण विधिहरु, शिक्षकका कर्तव्यहरु, राम्रो शिक्षणका गुणहरु प्रशस्त मात्रामा आइसकेका छन् । यस्तो बदलिदो र विकसित अवस्थामा वा बदलिदो धारणामा शिक्षण बालकले चाहेको ज्ञान र सीप सिक्ने एउटा कारक तत्व हो ,जसबाट समाजमा चाहेजस्तो गरी उसले बस्न सक्छ । अर्थात् बालकको इच्छा अनुसारको ज्ञान र सीप प्रदान गरी जस्तोसुकै सामाजिक वातावरणमा पनि समायोजन गराउन सक्नु नै शिक्षकको पेशागत दक्षतामा शैक्षणिक सुधार ल्याउनु हो (अधिकारी, २०६६) ।

कुनै पनि विषयको पाठ्यवस्तु पढाउन भन्दा पहिले उक्त पाठ्यवस्तु किन, कति र कसरी सिकाउने भन्ने कुरामा शिक्षकको पूर्वतयारी हुनुपर्दछ । नत्रभने कक्षामा गरिने कार्यकलापहरु अन्यौलपूर्ण हुन जान्छ । कुनै खास कक्षाका निम्ति एक घण्टीभित्र पूरा हुने गरी बनाइएको शिक्षण योजनालाई पाठ्योजना भनिन्छ । भिन्न भिन्न कक्षामा भिन्न भिन्न पाठ्यवस्तु सिकाउनको लागि यसले शिक्षकलाई पथप्रदर्शन गर्दछ । पाठयोजना बनाउँदा खास पाठ्यवस्तुका कुन पक्षमा बढी जोड दिने, कुनमा कम दिने आदिमा ख्याल राख्नुपर्दछ । सामान्यतया एकाइ योजना र पाठयोजनाको ढाँचा उस्तै उस्तै भए पनि आवश्यकतागत तथा प्रयोजनगत भिन्नताले यिनीहरुलाई स्पष्टत छुट्याउँछ । एकाइको खास पाठ्यवस्तु वा त्यसको पनि कुनै अंश लिएर पाठ्योजना बनाइन्छ । यसरी एउटा एकाइ योजनाको उद्देश्य

पूरा भएपछि विषयको, पछि कक्षाको, कक्षापछि तहको ,तहपछि स्कूलको र यसरी शिक्षाको राष्ट्रिय उद्देश्य पूरा हुन्छ । तसर्थ पाठयोजना ज्यादै महत्वपूर्ण हुन्छ (पण्डित,२०६२) ।

शिक्षण पेशाका लागि पेशागत दक्षता अपरिहार्य आवश्यकता हो । शिक्षकका लागि पेशागत दक्षता वृद्धि गर्न र सफल शिक्षक बन्न तालिम आवश्यक पर्दछ । तालिमबाट प्राप्त ज्ञान, सीप, अभिवृद्धिलाई परिस्कृत र पुर्नताजगी गरी पेशागत कार्यमा निपूर्णता ल्याउन सहयोग मिल्दछ । शिक्षण सिकाइ कार्य सरल र प्रभावकारी गराउन पेशागत दक्षता अभिवृद्धि गर्न, सिकाइकाृ उद्देश्य पूरा गर्न, द्रुत गतिमा भइरहेको अन्वेषण शैक्षणिक विधि र प्रविधिसँग परिचित गराउन तालिमले सहयोग गर्दछ । त्यसैगरी समय सापेक्ष शिक्षा प्रदान गर्न शैक्षिक सामाग्री निर्माण र प्रयोग गर्न सीपको विकास गर्न, सिकाइका नवीन धारणा र बालमनोविज्ञानको प्रयोग गर्न, विद्यार्थी उपलब्धि मूल्यांकनका प्रभावकारी तरिकाहरु तथा शिक्षणमा आधुनिक एवम् वैज्ञानिक प्रविधि अपनाउन शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपले सहयोग गर्दछ (शर्मा,२०६९)।

CERID (1969) ले प्राथमिक तहमा विद्यार्थीको सिकाइ उपलब्धि उच्च पार्नका लागि राम्रो तालिम विषयक गोष्ठी काठमाडौँमा सम्पन्न ग-यो । यस गोष्ठीले पनि तालिम प्राप्त र अप्राप्त शिक्षकहरुबीच क्रियाकलाप सम्बन्धमा तुलना गरेको छ । गोष्ठीका अनुसार तालिम प्राप्त शिक्षकले मूल्यांकनका साधनहरु कुशल तरिकाले प्रयोग गर्ने गर्दछन् भनी तालिम प्राप्त र अप्राप्त शिक्षक बीचको मित्रतालाई दर्शाएको छ । तर नेपालमा तालिम प्राप्त शिक्षकहरुले तालिममा सिकेका सीपहरुलाई प्रदर्शन गरेर अध्ययन गरेको खण्डमा अवश्य पनि विद्यार्थी उपलब्धि उच्च पार्न सकिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

खनाल (२०६३) का अनुसार माध्यमिक तहको शिक्षकको सिकाइ प्रक्रियाको अवस्था विषयमा माध्यमिक तहका शिक्षकहरुको विषयगत ज्ञान, सीपको अभिवृद्धिकरणको प्रक्रिया पहिचान गर्नु तथा शिक्षकहरुको कार्य क्षेत्र सिकाइका पक्षहरु पत्ता लगाउने उद्देश्य राखी सुनसरी जिल्लामा सार्वजनिक माध्यमिक विद्यालय मध्येबाट तीनवटा माध्यमिक विद्यालयहरुमा प्रश्नावली, अन्तरवार्ता जस्ता साधनहरु प्रयोग गरिएको अध्ययनमा निम्न प्राप्तिहरु पाइएका छन् ।

छनौट गरिएका तीन विद्यालयहरुमा १८ जना शिक्षकहरुको सिकाइ प्रक्रियालाई हेर्दा अधिकांश शिक्षकहरु आफ्नो सिकाइमा आइपर्ने समस्या समाधान गर्न र आफूमा भएको ज्ञानलाई अद्यावधिक गर्नको लागि विभिन्न किसिमका पुस्तकहरुको आधार लिइएको पाइयो । त्यसैगरी पेशागत अनुभव र पूर्व सेवाकालीन तथ सेवाकालीन तालिमलाई ज्ञान र सीपको अभिवृद्धिकरणको प्रक्रियाको रुपमा लिएको पाइयो । अनुसन्धानमा लिइएका १८ जना शिक्षकहरुमध्ये अनुसन्धनात्मक प्रकाशन र इन्टरनेट आदि प्रविधि प्रयोग गर्ने शिक्षकहरु शून्य पाइयो । त्यसैगरी छनौट गरिएका विद्यालयका प्रधानाध्यापकहरु र श्रोतव्यक्तिका अनुसार शिक्षकहरुको कठिन परिवर्तन तथा अवस्थामा पनि शिक्षण क्रियाकलापलाई निरन्तरता दिएको पेशागत उत्तरदायित्व बहन गरेको तर पेशागत अभिवृद्धिका पक्षमा भने खासै ध्यान दिन नसकेको साथै तालिमलाई बढुवाको दृष्टिकोणबाट हेरेको र ती विषयवस्तुको जानकारीलाई कक्षाकोठामा प्रयोग नगरेको पाइयो । शिक्षकको बानीव्यहोरा आचरण, सामुदायिक सम्बन्ध मूल्यांकन, बालमनोविज्ञान सम्बन्धि खास गरी तालिम तथा अनुभव कार्यक्षेत्र, सिकाइबाट प्राप्त गर्ने गरेको पाइयो । त्यस्तै आधारभुत शिक्षा सम्बन्धि केही शैक्षिक लेख तथा शोध प्रतिवेदनका दस्तावेजहरु प्रशस्त मात्रामा पाइए पनि यस तहका शिक्षकको सिकाइ प्रक्रिया माथि उल्लेखित बाहेक अरु नभेटिएकोले शोधकर्ताले यससँग सम्बन्धित उपलब्ध अनुसन्धान प्रतिवेदन तथा शैक्षिक दस्तावेजहरुको अध्ययन गरी शोध शीर्षकको अध्ययनलाई निर्दिष्ट गराउने प्रयत्न गरिएको छ :-

नेपालमा पनि आवश्यकता अनुसार तालिम प्राप्त शिक्षक तयार पार्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र अध्ययन संस्थानले युनिसेफको सहयोगमा दूरशिक्षा कार्यक्रम संचालन गरेको थियो । सन् १९८० को दशकमा संचालित रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम दूरशिक्षाको एउटा उदाहरण हो । यो कार्यक्रममा सहभागीहरुलाई सुरुमा केही दिन तोकिएको केन्द्रमा बोलाइ स्व-शैक्षणिक सामाग्रीहरु पढ्ने तरिका सिकाइन्छ, परिचयहरु दिइन्छ र उनीहरु घर फर्कन्छन् । दिइएको निर्देशन अनुसार उनीहरु आफ्नै घर तथा कार्यक्षेत्रमा रहेर निश्चित शैक्षिक सत्रभर आफैं अध्ययन गर्दछन् । शैक्षिक सत्रको अन्त्यमा सम्बन्धित शाखाले पुनः सम्पर्क केन्द्र वा जिल्लामा बोलाइ केही समय तालिम दिन्छन् र प्रश्न निर्माण गरी मूल्यांकन गर्ने अर्थात् परीक्षा सञ्चालन गरेर नतिजा प्रकाशन गर्दछन् । निश्चित प्रक्रियाहरु पूरा नगरे पनि दूरशिक्षाको तरिकाबाट २०५८ देखि त्रिभुवन

विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयले शिक्षाशास्त्रतर्फ एकवर्षे बी.एड्.कार्यक्रम चलाउँदै आएका छन् (शर्मा,२०६९, पृ.५२२) ।

विद्यालय शिक्षाको समपूर्ण जिम्मेवारी शिक्षकले लिनुपर्दछ । हामीले राम्रोसँग पढाउन नसक्नुमा हामीलाई विश्वविद्यालयमा पढाउने गुरुहरुको पनि कमजोरी छ । किनभने हामीले माथि जस्तो सिकेका छौ, आफ्नो कक्षामा त्यस्तै गरेका छौँ । हामीले पढाएको राम्रो भएन भने जिम्मा हामी र हाम्रा गुरुहरुले पनि लिनुपर्दछ । सबैले महसुस गर्ने बेला भएको छ, एक आपसमा दोषारोपण गर्ने होइन । शिक्षकहरुको सन्दर्भमा पनि अब सबै शिक्षकको एउटै पेशागत फेडेरेशन बनाउने बेला भएको छ । बार,पत्रकार महासंघ वा मेडिकल एसोसियसन जस्तो शिक्षक फेडेरेशन बनाउनुपर्दछ (ज्ञवाली,२०७१,पृ.३९)।

कतिपय सिर्जनशील एवम् मिहिनेती शिक्षकले आफूले कलेज/विश्वविद्यालय र तालिममा सिकेका शिक्षण सीप, विधि र प्रक्रिया प्रयोग गरेर कक्षाकोठालाई साँच्चिकै सिकाइ स्थलको रुपमा परिणत गरेका थुप्रै दृष्टान्त भेटिन्छन् । बर्बादीतिर लम्किरहेका धेरै सार्वजनिक विद्यालयहरुको भीडमा चम्किन सफल ‘राम्रा स्कूल’ का पछाडि शिक्षकहरुको यस्तै सिर्जनशीलता र जाँगर रहेको पाइन्छ (विश्वकर्मा,२०७१, पृ.३८)।

आधुकितावादीको दृष्टिकोणमा कुनै नियम निर्माण गर्नु पूर्वकार्य सम्पादन गरिन्छ । तत्पश्चात् प्राप्त अनुभवको आधारमा नियम निर्माण गर्नुपर्दछ । यस दृष्टिकोणको आधारमा विद्यार्थीलाई कक्षाकोठामा विषयवस्तुको शिक्षण गर्दा पहिला कुनै पनि विषयवस्तुमा छलफल गराइ त्यसको आधारमा नीति नियम बनाइ अगाडि बढ्न प्रेरित गर्दछ । जसले शिक्षण सिकाइ प्रभावकारी हुन्छ (Nicoholls,2009)।

वास्तवमा पढाउने भनेको ज्ञानको स्थानान्तरण हो । यो काम विभिन्न स्वभावका विद्यार्थीसँग अलग अलग तरिकाबाट गर्नुपर्छ । कति विद्यार्थीले आँखाले देखेर बुझ्न सक्छन् । कतिलाई सुनेर ज्ञान दिलाउन सकिएला र कतिलाई शिक्षकले गरेर देखाउनुपर्छ भने अझ कोहि त ऊ आफैँले गरेपछि मात्र बुझ्ने पनि हुन्छन् । तिनलाई ज्ञान दिन विभिन्न तरिका हामीले अपनाएका छौ । किनकी विद्यार्थीको समस्या पनि थरीथरीकै छ । विद्यार्थीले पढाएको बुझ्नु वा सिक्नु भनेको शिक्षकले भनेको जस्ताको तस्तै बोलिबाट दोहोर्‍याउनु होइन । शिक्षकले भनेजस्तो सन्दर्भ अरु ठाउँमा आइपर्दा पाएको ज्ञानको प्रयोग गर्न सक्नुपर्दछ । थिङकिङ र

रिजनिङको क्षमता जबसम्म विद्यार्थीमा विकास गर्न सकिन्न तब सम्म वास्तविक सिकाइ हुँदैन (अन्नपूर्ण पोष्ट, २०७० फागुन ६) ।

युनेस्कोले हालै सबैको लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको थियो । प्रतिवदनले सबैको सिकाइमा सुधार सुनिश्चित गर्नका लागि सरकारले पहुँच वृद्धि गर्नुपर्दछ भन्ने ठहर गरेको छ । पिछडिएका समुदायका बालबालिकाको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न र तालिम प्राप्त शिक्षकको सुनिश्चितताका लागि पर्याप्त वित्तीय व्यवस्था गर्ने नीतिलाई प्राथमिकता दिनुपर्ने सुझाव प्रतिवेदनको छ । सिकाइमा समस्या समाधानका लागि शिक्षकलाई आकर्षित गर्न र तिनलाई पेशामा टिकाइ राख्न नीति निर्माताहरुले अत्यन्त समझदारीपूर्ण रुपले विशेष ध्यान पुर्‍याउनुपर्ने धारणा युनेस्कोले सोही प्रतिवेदन मार्फत् व्यक्त गरेको छ । शैक्षिक पहुँचका हिसाबले बिगत दशकमा उल्लेख प्रगति हासिल भएको छ । तर शैक्षिक गुणस्तरमा उत्साहजनक प्रगति हुन सकेको छैन । तालिम प्राप्त शिक्षकको अभाव, अनुपयुक्त भौतिक पूर्वाधार तथा अपर्याप्त शैक्षिक सामाग्रीका कारण सामाजिक, आर्थिक रुपले पछाडि परेका समुदायका बालबालिका अझ बढी मारमा परेको छ । युनेस्कोको तथ्यांक अनुसार विश्वभरि ६ सय ५० मिलियन विद्यालय उमेरका बालबालिका मध्ये २ सय ५० मिलियनले पढाइ तथा गणितका आधारभूत सीप सिक्न सकेका छैनन् । १ सय ३० मिलियन बालबालिकाले प्राथमिक विद्यालयमा भएर पनि सिकाइको न्यूनतम मापदण्ड हासिल गर्न सकेका छैनन् । ग्रामीण क्षेत्रमा तालिम प्राप्त शिक्षक र शिक्षण सामाग्रीको अभाव सिकाइको सबैभन्दा ठूलो बाधक बनेको देखिन्छ । ग्रामीण तथा शहरी क्षेत्रमा सिकाइ उपलब्धि १५ प्रतिशत भन्दा बढी अन्तर रहने गरेको देखाएको छ newsofnepal.com (June 2, 2014)।

भाषाको सिकाइलाई जन्मजात प्रवृत्ति मानिन्छ । बालकले सर्वप्रथम जे जस्तो भाषिक वातावरण प्राप्त गरेको हुन्छ भाषा पनि त्यही सिक्छ । नेपाली भाषी वातावरण प्राप्त भएमा उसले त्यसैको उच्चारण शब्दचना र वाक्य गठन सिक्छ र प्राप्त भएको भाषिक वातावरणको आधारमा उसले शब्द भण्डार वाक्य रचना आदि सिक्दै आफनो भाषा सिकाइलाई परिपक्व पार्दै लैजान्छ । द्विभाषिकता द्विभाषिक/बहुभाषिक समाजको आवश्यकता हो । सामाजिकीकरणका दृष्टिले द्विभाषिक बालक लचिलो हुन्छ र ऊ समुदायमा आफूलाई सहज रूपमा उभ्याउन सक्षम हुन्छ । यस बाहेक समुदायमा वर्गीय,

जातीय, क्षेत्रीय, लिङ्गीय समझदारी बढाउन एक अर्कामा निकटता, आत्मीयता वृद्धि गर्न र सामाजिक सांस्कृतिक आदानप्रदान सम्पन्न गर्नका लागि पनि द्विभाषिकताले सहयोग पुऱ्याउँछ । बहुभाषिक राष्ट्रमा भाषा व्यवस्थापनको मुख्य जिम्मा राज्य र तिनकै निकायहरूको हुन्छ । यसका लागि सर्वप्रथम तथ्यपरक ढङ्गबाट भाषाको सर्वेक्षण गरी कुन भाषा कहाँ कहाँ बोलिन्छ, त्यस भाषाका वक्ता कति छन्, त्यस भाषाको मौखिक एवम् लेख्य रूप के छ, व्याकरण व्यवस्था लेख्य वा मौखिक के छ, आदि कुराको निर्क्यौल गर्नु पर्छ । समाजका विभिन्न क्षेत्रका फरक फरक नागरिकहरूको शिक्षामा पहुँच बढाउने आधार भाषा हो । भाषाको सहायताबाट बिचारको विनिमय मात्र नभई शक्ति निर्माणको कार्य पनि गरिन्छ । सांस्कृतिक सन्दर्भमा हेर्दा शक्तिशाली समूहको भाषा नै सदैव मुख्य भाषाको रूपमा रहेको पाइन्छ । बालकको पहिलो र दोस्रो भाषाको विकास एक अर्कामा आश्रित एवम् आबद्ध हुन्छन् । काक्षाकोठा अथवा काक्षाकोठा भन्दा बाहिर जता भए पनि विद्यार्थीहरूको सम्पर्कमा बढी हुने र विद्यार्थीहरूलाई भाषा सिकाउने व्यक्ति शिक्षक नै हुन् । जबसम्म शिक्षक योग्य, कर्मठ र दक्ष हुँदैनन्, तबसम्म यथोचित रूपमा मातृभाषाको शिक्षण व्यवहारमा चरितार्थ हुन सक्दैन । तर शिक्षक व्यवस्थापन त्यति सजिलो छैन । यसले विभिन्न प्रश्न जन्माउन सक्छ । मातृभाषा शिक्षण गर्ने शिक्षकको योग्यता, पेसागत हक, तलब, भत्ता आदिका बारेमा स्पष्ट नीति तयार गरिनु पर्छ । मातृभाषा बोल्ने जनसङ्ख्या धेरै भएको क्षेत्रलाई मुख्य क्षेत्र तथा मातृभाषी कम भएको क्षेत्रलाई नन्कोर क्षेत्रको रूपमा पहिचान गर्नु पर्छ । धेरै जनसङ्ख्या भएको मातृभाषी समुदायमा अवस्थित क्षेत्रमा मातृभाषालाई माध्यमको रूपमा र विषयको रूपमा अध्यापन गराउन सकिन्छ । मातृभाषी कम भएको क्षेत्र, जसलाई (Non-core area) भनिन्छ, त्यस क्षेत्रमा मातृभाषा विषयको रूपमा पढाउन सकिन्छ । जस्तै ९० प्रतिशत मातृभाषा समान भएका विद्यार्थीहरू भएको विद्यालयलाई एकभाषी (Monolingual) विद्यालयका रूपमा वर्गीकरण गरी एक भाषी कक्षा, विषय र माध्यमका रूपमा सञ्चालन गरिनु पर्छ । नेपालमा यस्तो अवस्था तराइ तथा हिमाली क्षेत्रको खास खास वस्तीमा पाइन्छ । त्यसैगरी कुनै विद्यालयमा ४० प्रतिशत भन्दा बढी कुनै भाषाभाषीका विद्यार्थीहरू भए द्विभाषिक विद्यालयको रूपमा पहिचान गरी किद्वभाषिक कक्षा सञ्चालन गरिनु पर्छ । नेपालको पहाडी क्षेत्रमा यस्तो अवस्था हुन सक्छ ।

कुनै विद्यालयमा २० प्रतिशत भन्दा बढी दुई भाषाका विद्यार्थी भए बहुभाषिक को रूपमा उक्त विद्यालयलाई घोषणा गरी बहुभाषिक कक्षा सञ्चालन गर्नुपर्ने हुन्छ । त्यस्तै मातृभाषा,

राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषा शिक्षण गराउँदा त्रिभाषिक शिक्षण पद्धति अवलम्बन गरिनु पर्छ । यसरी विद्यालयलाई पनि एकभाषिक विद्यालय द्विभाषिक विद्यालय, त्रिभाषिक विद्यालय र बहुभाषिक विद्यालय गरी ४ भागमा वर्गीकरण गर्न सकिन्छ । शिक्षककहरू पनि ४ प्रकारको पाउन सकिन्छ :

- एक प्रकारको शिक्षक जो स्थानीय छन् र उनीहरू जुनसुकै जातजाति, धर्मका भए पनि त्यहाँको बाहुल्य भएको मातृभाषा राम्रोसँग बोल्न र लेख्न जान्ने,
- एक प्रकारको शिक्षक जो काम गर्ने समुदायमा बोल्ने भाषा बोल्न सक्ने अर्थात् सञ्चार गर्न सक्ने तर लिपि नजान्ने र लेख्न नसक्ने,
- एक थरी शिक्षक जो स्थानीय भएर पनि त्यहाँको अल्पसङ्ख्यकको भाषा सञ्चार गर्न नसक्ने
- एक थरी जौ गैर स्थानीय र विमातृभाषी छन् जो राष्ट्रिय र विदेशी भाषाको प्रयोग मात्र गर्न सक्ने हुन्छन् ।

नेपालमा शैक्षिक जनशक्ति विकास केन्द्र (National centre for Educational Develpment- NCED) ले सन् २००८ मा बहुभाषिक शिक्षाको प्रारूप वा खाका तयार गरेको थियो । त्यो खाकाको उद्देश्य निम्न अनुसार थियो :


- मातृभाषामा आधारित शिक्षा प्रदान गर्नका लागि सहयोग गर्न, जस्तै पेडागोजीकल तालिम विकास र मातृभाषामा आधारित सामग्रीको उत्पादन गर्नका लागि सहयोग गर्न,
- अल्पसङ्ख्यक विद्यार्थीहरूलाई प्रतिक्रिया दिनका लागि शिक्षकलाई र सरोकारवाला व्यक्तिलाई मार्ग निर्देशन गर्नका लागि सहयोग गर्न । साथै बहुभाषिक भाषा शिक्षाको आवश्यकता, आधारभूत शिक्षाको प्रारम्भिक चरणमा आवश्यक हुन्छ ।
- बहुभाषिक भाषा शिक्षाका सरोकारवाला व्यक्तिहरूमा मातृभाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्नका लागि सकरात्मक धारणाको विकास गर्न,
- विद्यार्थीको संज्ञानात्मक तथा सम्पूर्ण पक्षको विकासको सुनश्चित गरी मातृभाषाको ज्ञानलाई स्थानीय तथा भूमण्डलीय रूपमा बहुभाषिक भाषा शिक्षाको प्रयोग र अभ्यासलाई प्रयोग गर्न र

- भाषालाई थप गर्ने विधिहरू वा पद्धतिहरू अनुसार भाषाको विकास गर्ने रणनीतिहरू तयार गर्न । (NCD Reaport,2016)

शिक्षकहरु स्वम् पनि बेलाबखत बैठक वा भेला भइ आफ्नो कार्यका समीक्षा वा पुर्नमूल्यांकन गर्नेतर्फ पनि उन्मुख हुनु जरुरी छ । कुनै एउटा विषयलाई कति तरिकाले पढाउन सकिएला भनेर सोच्ने के कसरी नयाँ तरिका अपनाउने भनी आपसी अन्तरक्रिया गरी धेरै जानकारी हासिल गर्न सकिन्छ । विद्यालयलाई पूर्ण शैक्षिक वा प्राज्ञिक थलो बनाएर व्यवस्थापन समितिले सक्षम शिक्षकलाई अर्को दुर्गम गाउँमा लगेर भएपनि त्यहाँका शिक्षकलाई तालिम दिएर सक्षम शिक्षक बनाउने प्रयास गरिए गुणस्तरमा सुधार हुनसक्छ । तालिम नपाएका शिक्षकलाई यसरी आवश्यक तालिम प्रदान गरी थप उर्जाशील र सक्षम बनाउन सकेमा सहजै तरिकाले सुधार ल्याउन सकिन्छ (गौतम, २०७०)।

## २.३ अवधारणात्मक ढाँचा

खासगरी शिक्षा क्षेत्रमा भएका अनुसन्धानहरु शिक्षक तालिम र विधिमा केन्द्रित भएको र यस सम्बन्धि खासै अध्ययन नभएकोले यो शीर्षक छनोट गरिएको हो । आधारभुत तहका शिक्षकहरुको सिकाइ प्रक्रिया अध्ययन निम्न ढाँचाभित्र रहेर गरिएको छ :



# अध्याय - तीन

# अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नको लागि विभिन्न प्रक्रिया एवम् तौरतरिकाहरु अपनाउनुपर्ने हुन्छ । अध्ययन अनुसन्धान कार्यलाई सही मार्ग निर्देशन गर्न र निर्धारण गरिएको समयमा उद्देश्य प्राप्त गर्न उपयुक्त विधिको छनौट गर्नुपर्दछ । यस अध्ययनको उद्देश्य पूरा गर्न निम्न प्रक्रियाहरु छनौट गरियो ।

## ३.१ अनुसन्धनात्मक ढाँचा

यो अध्ययन अनुसन्धान गुणात्मक भएकोले अनुसन्धानकर्ता स्वयम् अनुसन्धान गर्ने स्थलसम्म पुगी आवश्यक सूचना संकलन गरियो । अध्ययनको क्रममा प्राप्त भएका सूचनाहरुलाई गुणात्मक रुपमा व्यवस्था विश्लेषण गरि उद्देश्य अनुसार क्रमिक रुपमा राखिने भएकोले यो अध्ययन अनुसन्धान गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनलाई तल उल्लेखित प्रक्रिया अवलम्बन गर्दै निम्न अनुसारको ढाँचाामा सञ्चालन गरियो :-

| क.सं. | अध्ययनको उद्देश्य | उत्तरदाता/सूचनाको श्रोत | साधनहरु |
|---|---|---|---|
| १. | आधारभुत तहका वि.शिक्षकहरुको सम्बन्धित विषयमा ज्ञान र सीपको अभिवृद्धिकरण प्रक्रिया पहिचान गर्नु | शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति | प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका, कक्षा अवलोकन |
| २. | शिक्षकहरुको विषयगत ज्ञान र सीपको अभिवद्धिकरण प्रक्रियाका कठिनाइहरु पत्ता लगाउनु | स्रोत व्यक्ति, शिक्षक, प्रधानाध्यापक | प्रश्नावली, छलफल, कक्षा अवलोकन फाराम |
| ३. | ज्ञान र सीप अभिवृद्धिकरण प्रक्रियामा देखापरेका कठिनाइहरु समाधान गर्ने उपायहरु खोजी गर्नु | स्रोत व्यक्ति ,शिक्षक, प्रधानाध्यापक, | प्रश्नावली,छलफल , कक्षा अवलोकन फाराम |

## ३.२ अध्ययन क्षेत्र र जनसंख्या

यस अध्ययनमा अध्ययन क्षेत्रको रुपमा सुनसरी जिल्लाको श्री चन्द्रकमल मा.वि. मारचैया ,सितापुर ५, सुनसरी , श्री त्रिभुवन मा. वि. आरता बानकुलवा, डुमाराहा -२ सुनसरी, श्री बि.पि.नि.मा.बि. डुमराहा-८ , श्री सारस्वती प्रा.वि. डुमराहा ८, श्री शानि शाचरे मा.वि डुमाराहा १ , श्री शेरहारा प्रा.वि. डुमराहा -३ भित्र शिक्षकहरुलाई अध्ययनको जनसंख्याको रुपमा लिइयो ।

## ३.३ नमुना छनोट प्रक्रिया

कुनै एउटा ठूलो जनसंख्यालाई प्रतिनिधित्व गर्नको लागि छनोट गरिएको सानो समूह नै नमुना छनोट हो । यस अध्ययन अनुसन्धानलाई सम्पन्न गर्नको लागि समय, श्रोत र साधन आदिलाई ध्यानमा राखी निम्न अनुसारको नमुना छनोट गरियो :-

### ३.३.१ विद्यालयको छनोट

आधारभुत तहका शिक्षकहरुको शिक्षण सिकाइ प्रक्रिया पत्ता लगाउनको लागि यस अध्ययन अनुसन्धानमा सुविधाजनक नमुना छनोट विधिको आधारमा छवटा विद्यालयहरु क्रमशः श्री चन्द्रकमल मा.वि. मारचैया ,सितापुर ५, सुनसरी , श्री त्रिभुवन मा. वि. आरता बानकुलवा, डुमाराहा -२ सुनसरी, श्री बि.पि.नि.मा.बि. डुमराहा-८ ,श्री सारस्वती प्रा.वि. डुमराहा ८,श्री शानिशाचरे मा.वि डुमाराहा १ , श्री शेरहारा प्रा.वि. डुमराहा -३ मात्र सिमित गरियो ।

### ३.३.३ शिक्षकको छनोट

यस अध्ययन अनुसन्धानको लागि आधारभुत तहमा अध्यापनरत प्रत्येक विद्यालयबाट सो तहका स्थायी शिक्षकहरुमा मात्र गरियो ।

### ३.३.४ विद्यार्थीको छनोट

छनोटमा परेका विद्यालयमा अध्ययनरत आधारभुत तहमा अध्ययनरत  विद्यार्थीहरु मध्येबाट लक्षित समूह छलफलको लागि आकस्मिक नमुना छनोट विधिबाट कुनै एक कक्षाका विद्यार्थीहरुलाई छनोट गरियो ।

### ३.३.७ स्रोत व्यक्तिको छनोट

आधारभुत तहमा अध्यापनरत शिक्षकहरुको ज्ञान र सीपको अभिवृद्धिकरण प्रक्रिया र त्यसका कठिनाइहरु पहिचान गर्न सम्बन्धित क्षेत्रका स्रोतव्यक्तिलाई स्वतःछनोट गरियो ।

## ३.४ अध्ययनका साधनहरु

अध्ययन अनुसन्धालाई अर्थपूर्ण र उद्देश्य प्राप्त गर्ने गरी सम्पन्न गर्न सूचना संकलनका साधानहरुको निर्माण गर्नुपर्दछ ।कुनै निश्चित समयभित्र अनुसन्धानकर्ताले अनुसन्धान गर्न आफूले चाहेको विषयवस्तुको यथार्थता पत्ता लगाउन निर्माण गरिएको साधनले महत्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनमा तथ्यांक संकलनको लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरियो । प्राथमिक सूचनाको स्रोत अन्तगर्त प्रश्नावली, कक्षा अवलोकन फाराम, अन्तरवार्ता, समूह छलफल थियो, भने द्वितीय स्रोत अन्तगर्त दस्तावेज विश्लेषण, शोधपत्र, लेखहरु साथै यस सँग सम्बन्धित विभिन्न बुलेटिन तथा विभिन्न लेख, रचनाहरुलाई लिइयो ।

### ३.४.१ प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

सुनसरी जिल्लाको सामुदायिक विद्यालय अन्तगर्त पर्ने श्री चन्द्रकमल मा.वि. मारचैया ,सितापुर ५, सुनसरी , श्री त्रिभुवन मा. वि. आरता बानकुलवा, डुमाराहा -२ सुनसरी,श्री बि.पि.नि.मा.बि. डुमराहा-८ ,श्री सारस्वती प्रा.वि. डुमराहा ८, श्री शानिशाचरे मा.वि डुमाराहा १ , श्री शेरहारा प्रा.वि. डुमराहा -३ प्रधानाध्यापकहरुका लागि प्रश्नावली तयार गरी आश्यक सूचना संकलन गरियो ।

### ३.४.२ शिक्षकहरुका लागि प्रश्नावली

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयको तहमा आधारभुत अध्यापनरत शिक्षकहरुको ज्ञान र सीपको अभिवृद्धिकरणको अवस्था, त्यसका चुनौतीहरु साथै समाधानका उपायहरु पत्ता लगाउनु पर्ने भएकोले प्रश्नावली निर्माण गरी आवश्यक सूचना संकलन गरियो ।

### ३.४.३ विद्यार्थीहरुसँग गरिने लक्षित समूह छलफल निर्देशिका

यस अध्ययनको लागि छनोटमा परेका विद्यार्थीहरुका लागि लक्षित छलफल निर्देशिका तयार गरी आवश्यक सूचना संकलन गरियो ।

### ३.४.४ कक्षा अवलोकन फाराम

छनोटमा परेका विद्यालयहरुमा शिक्षकले गरेको कक्षाकोठामा गरेको विषयवस्तुको प्रस्तुतीकरण, शैक्षिक सामाग्रीको प्रयोग, सिकाइ क्रियाकलाप, विद्यार्थी सहभागिता, मूल्यांकन प्रक्रिया सम्बन्धि सूचना संकलन गर्न कक्षा अवलोकन फाराम निर्देशिका तयार गरी कक्षाकोठा क्रियाकलापको बारेमा अध्ययनकर्ता स्वयम् उपस्थित भइ आवश्यक वास्तविक र सत्य सूचना संकलन गरियो ।

### ३.४.५ स्रोत व्यक्तिका लागि प्रश्नावली

छनोटमा परेका विद्यालयको सम्बन्धित क्षेत्रमा रहेर कार्य गरिरहेका स्रोत व्यक्तिका लागि शिक्षकहरुको सिकाइ प्रक्रिया तथा त्यससम्बन्धि स्रोत केन्द्रबाट हुने गरेका क्रियाकलाप सम्बन्धि तथ्यांक संकलन गर्नका लागि स्रोत व्यक्तिका लागि प्रश्नावली निर्माण गरियो ।

## ३.५ साधनको वैधता निर्धारण

अध्ययन अनुसन्धान कार्यका लागि निर्माण गरिएका साधनहरु उपयुक्त बनाउन साधनहरुको वैधता निर्धारण गरिन्छ । यसका लागि अध्ययनकर्ताले निर्माण गरेका साधनहरुलाई विषय विशेषज्ञ र साथी समूहको राय सुझाव, सल्लाह तथा निर्देशन अनुसार परिमार्जन गरी सोही अनुरुप सूचना संकलनका साधनहरुको वैधता निर्धारण गरिएको छ ।

# अध्याय - चार

# तथ्याङ्को व्याख्या तथा विश्लेषण

यस अध्ययन अनुसन्धानको उद्देश्य प्राप्त गनको लागि अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा स्वयम् उपस्थित भइ प्रधानाध्यापक ,शिक्षकहरुसँग छलफल ,प्रश्नावलीको प्रयोग साथै कक्षा अवलोकन र सम्बन्धित विद्यालय क्षेत्रको स्रोतव्यक्ति मार्फत प्राप्त भएका सूचनाहरुलाई यस खण्डमा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ आधारभुत तहका शिक्षकको शिक्षण सिकाइ प्रक्रिया

शिक्षण सिकाइ क्रियाकलापमा सम्बन्धित विषयवस्तुलाई विद्यार्थीको रुचि, क्षमता र स्तरको आधारमा प्रस्तुत गरी आवश्यक ज्ञान, सीप र धारणाको विकास गरी राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्ति शिक्षक हो । शिक्षकले विद्याालयमा जुन विषयस्तु अध्यापन गराउँछ त्यस विषय सम्बन्धि गहिरो अध्ययन गर्नुपर्दछ ।

यस अध्ययनको लागि छनोट गरिएका विद्यालयका प्रधानाध्यापकहरुलाई शिक्षकलाई सिकारुको रुपमा लिनुहुन्छ ? भनी सोधिएको प्रश्नमा छनोट गरिएका ७ जना मध्ये ५ जनाले शिक्षा सामाजिक आवश्यकता भएकोले समाजमा बदलिदो परिवर्तन र गतिशीलतासँगै शिक्षा नीति पनि परिवर्तन हुन्छ । पाठ्यक्रम र सो सँग सम्बन्धित विषयवस्तु पनि परिवर्तन हुन्छ । शिक्षक पनि समय सापेक्षित परिवर्तित हुँदै अगाडि बढ्नुपर्छ । विज्ञान र प्रविधिले ल्याएको परिवर्तन सँगै अगाडि बढ्नुपर्ने भएकोले शिक्षकलाई सिकारुको रुपमा लिनुपर्छ भन्ने सकारात्मक जवाफ पाइयो ,सिक्ने ले नै सिकाउन सक्छ । भने १ जना प्रधानाध्यापले मात्र शिक्षकलाई सिकारुको रुपमा नलिएको पाइयो । त्यस्तै शिक्षकलाई किन सिकारुको रुपमा लिइन्छ भनी शिक्षकहरुलाई सोधिएको प्रश्नमा अधिकांश शिक्षकले शिक्षक कहिल्यै पूर्ण हुँदैन, समय अनुसार नयाँ नयाँ कुराहरु आइरहन्छ, शिक्षण सिकाइमा आएका नवीनतम प्रविधि र विधिहरुको ज्ञान हासिल गर्दै शिक्षण गर्नुपर्ने भएकोले शिक्षकलाई सिकारुको रुपमा लिइन्छ भन्ने जवाफ पाइयो ।

यस्तै छनोटमा परेका एकजना प्रधानाध्याकपले शिक्षक एक सिकारु पनि हो किनभने उसले सबै कुरा जन्मजात नै सिकेर आएको हुँदैन । जसको लागि उसले विभिन्न

तालिम, गोष्ठि, सेमिनार आदिबाट ज्ञान हासिल गरी त्यही अनुरुप विद्यार्थीलाई सिकाउनुपर्ने हुन्छ । परिवर्तित समय सँगसँगै आफ्नो ज्ञानलाई पनि त्यसै अनुसार परिमार्जन गर्दै लानुपर्ने हुन्छ । अत शिक्षकले विद्यार्थीलाई नयाँ ज्ञान, सीप, धारणाहरु सिकाउँदै लैजानुपर्ने हुन्छ । अनिमात्र सिकाइ समयानुकूल हुन्छ । आफ्नो शिक्षणमा हुनुपर्ने शैक्षिक गुणहरु विकास र विस्तार गर्न निरन्तर रुपमा क्रियाशील भइरहनु पर्दछ । शिक्षण कार्यलाई समय सापेक्ष बनाउनु, शिक्षणमा आएको परिवर्तन, नयाँ चिन्तन र प्रविधिलाई आत्मसाथ गरी प्रभावकारी शिक्षण गर्न सम्बन्धित विषयवस्तुको बारेमा शिक्षक निरन्तर रुपमा अध्ययनरत भइरहनुपर्दछ । विद्यार्थीमा अन्तरनिहित मौलिकतालाई प्रोत्साहन गर्नुका साथसाथै शिक्षकले आफ्नो कामप्रतिको झुकाव उसको आवश्यकतालाई पूरा गर्ने खालका उत्प्रेरणा पनि प्रदान गर्नुपर्दछ भन्ने खालको चित्तबुझ्दो जवाफ दिइएको पाइयो ।

### ४.१.१ शिक्षक तालिमको अवस्था

प्रत्येक शिक्षकलाई आफ्नो पेशाप्रति प्रतिबद्ध बनाउन, शिक्षाशास्त्र सम्बन्धि आधारभूत ज्ञान, सीप हासिल गर्न, शिक्षण दक्षता हासिल गर्न शिक्षक तालिम चाहिन्छ । यस अध्ययनको लागि छनोट गरिएका आधारभुत तह स्थायी शिक्षकहरुको योग्यता र तालिम विवरण तलको तालिकामा देखाइएको छ :-

**तालिका नं. १**

| क.सं. | शिक्षकको योग्यता | संख्या | सहभागी तालिम |
|---|---|---|---|
| १ | एम. एड् | २ | TPD |
| २ | बी. एड् | ३ | TPD, दूर शिक्षा |
| ३ | आइ. एड् वा सो सरह | ८ | TPD , बहुकक्षा शिक्षण |
| ४ | एस.एल्. सी. | ४ | TPD आधारभूत शिक्षक तालिम |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार आधारभुत तह अध्यापन गर्नको लागि चाहिने न्यूनतम योग्यता भएका शिक्षक ४ जना मात्र पाइयो भने अरु सबै आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो तहका योग्यता भएका शिक्षकहरुले आधारभुत तहमा अध्यापन गरेको पाइयो । यस

अध्ययन अनुसन्धानमा संलग्न सबै शिक्षक अर्थात् १००% ले TPD तालिममा सहभागी भएका साथै ३ जना अर्थात् १८% ले दूर शिक्षाको तालिम लिइएको पाइयो । त्यस्तै प्राथमिक तहको लागि प्रभावकारी शिक्षण विधिहरुमध्ये प्रमुख विधि बहुकक्षा शिक्षण विधि कसरी प्रयोग गर्ने र त्यसलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने हेतुले बहुकक्षा शिक्षण तालिममा संलग्न शिक्षकको संख्या ८ जना अर्थात् ४७% रहेको पाइयो । त्यस्तै आधारभूत शिक्षक तालिम ४ जना अर्थात् २४% ले लिएको पाइयो ।

यसरी यस अध्ययन अनुसन्धानको लागि छनोटमा परेका अधिकांश शिक्षकहरु तालिम प्राप्त भएर पनि उनीहरुमा भएको ज्ञान र सीप कक्षाकोठामा उचित रुपमा कार्यान्वयन नगरेको पाइयो ।

## ४.१.२ भौतिक सुविधाहरु

शिक्षण सिकाइ प्रक्रियामा भौतिक सुविधाले प्रत्यक्ष असर पारेको हुन्छ । एउटै समान तहका विद्यार्थीहरुमा पनि भौतिक सुविधाको फरकले सिकाइ उपलब्धिमा घटबढ भइरहेको हुन्छ । यस अध्ययन अनुसन्धानमा छनोट गरिएका विद्यालयमा भौतिक सुविधाहरु कस्तो रहेको छ भनी गरिएको अध्ययनमा ४ वटा विद्यालयमा कक्षाकोठा उपयुक्त आकारको फर्निचरको व्यवस्था भएको , पुस्तकालय, कम्प्युटर कक्षा, शौचालय, शिक्षकको लागि स्टाफरुमको व्यवस्था, विद्यार्थीलाई खेल्नको लागि खेलमैदानको व्यवस्था भएको पाइयो भने एउटा विद्यालयमा विद्यार्थीको अनुपातमा बेन्च सानो भएकोले बस्नको लागि असहज भएको र फर्निचर जीर्ण भएको पाइयो । जसले गर्दा शिक्षण सिकाइको क्रममा बसाइको अवस्थाले गर्दा सिकाइप्रति त्यति ध्यान नदिएको पाइयो ।

त्यस्तै एउटा विद्यालयमा भौतिक सुविधा हुँदाहुदै पनि खेल्नको लागि खेलमैदानको अभाव रहेको भेटियो । जसले गर्दा खेलेर मात्रै सिक्ने जस्तै शारीरिक शिक्षा अध्ययन गर्दा सैद्धान्तिक ज्ञान मात्र लिन पाएको भेटियो । त्यस्तै वार्षिक कार्यतालिका अनुसार हुने विभिन्न खेलकुद कार्यक्रमहरु विद्यालय बन्द गरेर अन्यत्र खेल मैदानमा लगि सञ्चालन गर्ने गरिन्छ भनी शिक्षकहरुले उत्तर दिएको पाइयो ।

त्यस्तै छनोट गरिएको एउटा विद्यालयमा उपयुक्त वातावरण भएको खुला स्थान/ मैदान भएको ,जाडो गर्मीको अनुकूल हुने, घनावस्तीीबाट केही टाढा भएको ,विद्यालयमा घेराबारको व्यवस्था ,खानेपानीको, शौचालयको उचित व्यवस्था, राम्रो आकर्षक रंगरोगन

भएको पाइयो । त्यस्तै छनोट गरिएका २ वटा विद्यालयमा दोहोरो हावा चल्ने, सबै विद्यार्थीहरुलाई प्रकाश पुग्ने खालको कक्षाकोठा भएको पाइयो । विद्यार्थीको स्वास्थ्यले सिकाइ प्रक्रियामा प्रत्यक्ष असर पुऱ्याउने हुनाले उपयुक्त र अनुकूल खालको कक्षकोठाको वातावरण हुनु आवश्यक हुन्छ ।

### ४.१.३.कक्षा व्यवस्थापन

शिक्षण सिकाइ प्रक्रियामा कक्षा व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । दक्ष शिक्षक र मिहिनेती विद्यार्थी हुँदाहुँदै पनि कक्षाको उचित व्यवस्थापन हुन नसक्दा अपेक्षित उपलब्धि हासिल गर्न सकिदैन ।

यस अध्ययन अनुसन्धानमा शिक्षण सिकाइ प्रक्रियामा कक्षा व्यवस्थापन कस्तो रहेको छ भनी गरिएको अध्ययनमा ५ वटा विद्यालयमा उपयुक्त फर्निचरको व्यवस्था भएको पाइयो, भने १ विद्यालयमा कमजोर तथा पुरानो फर्निचर रहेको पाइयो । विद्यार्थीको उमेर अनुसारको कक्षाकोठामा डेस्क बेन्चको व्यवस्था नहुँदा विद्यार्थीहरु असहज महशुश गरिरहेका थिए जसले गर्दा पठन पाठनमा ध्यान दिन सकिरहेका थिएनन् । त्यस्तै अध्ययनको क्रममा ४ वटा विद्यालयमा विद्यार्थीहरुलाई रोटेशनको व्यवस्था गरिएको पाइयो । जसबाट विद्यार्थीहरु दिनहुँ बेन्च परिवर्तन हुने हुनाले पढाइप्रति जागरुक भएको पाइयो । नत्र पछाडि बेन्चमा बस्ने विद्यार्थीहरु पढाइप्रति ध्यान नदिइ आ आफ्नो सुरमा हल्ला गरिरहन्थे । बाँकी रहेका २ वटा विद्यालयमा विद्यार्थी संख्या न्यून रहेकोले सधैं बस्ने डेस्क बेन्च एउटै रहेको पाइयो ।

त्यस्तै प्रत्येक कक्षामा मनिटरको व्यवस्था गरी शिक्षक अनुपस्थित रहेको बेला मनिटरले कक्षा नियन्त्रण गरी विद्यार्थी साथीहरुलाई पढाउने गरेको पाइयो । यसबाट कुनै दिन शिक्षक कारणवश अनुपस्थित हुँदा पनि कक्षामा होहल्ला नहुने, मनिटरको आदेश बमोजिम कक्षामा पढ्ने वातावरणको सिर्जना हुन्छ र अरु कक्षामा पनि हल्ला हुन पाउँदैन । कक्षामा सबै विद्यार्थी एउटै क्षमताका हुँदैनन् ,पढाइमा कमजोर विद्यार्थीलाई कसरी सिकाउनुहुन्छ ? भनी सोधिएको प्रश्नमा कक्षामा जान्ने र कम जान्ने विद्यार्थीहरुलाई बेन्चपिच्छे मिलाएर राख्ने र अलि बढी जान्ने विद्यार्थीले कम जान्ने विद्यार्थीलाई सिकाउन लगाउने र त्यति गर्दा पनि नजानेको कुरालाई शिक्षकले झर्को नमानी बुझाइ बुझाइ सिकाइदिने गर्छु भन्ने सकारात्मक जवाफ शिक्षकहरुबाट आयो ।

त्यस्तै कक्षा व्यवस्थापन अन्तगर्त ५ वटा विद्यालयका छात्र छात्राहरुलाई बेन्चमा छुट्टा छुट्टै राखिएको पाइयो भने १ वटा विद्यालयमा छात्रछात्रालाई मिसाएर राखिएको पाइयो । त्यसरी नै कक्षामा शिक्षकको लागि कुर्चीको उचित व्यवस्या, कालोपाटी/सेतोपाटीको व्यवस्था ५ वटा विद्यालयमा भएको पाइयो भने एउटा विद्यालयमा शिक्षक बस्नको लागि कुर्चीको व्यवस्था नभएकोले विद्यार्थीको गृहकार्य/ कक्षाकार्य चेक गर्ने क्रममा समस्या परेको र कक्षाकोठा ठूलो भएकोले पछाडि बसेका विद्यार्थीहरुले सेतोपाटीमा लेखेको कुरा टल्किएको कारणले नदेखेको भेटियो ।

## ४.१.४ शैक्षिक सामाग्री र शिक्षण विधिको प्रयोग

आधारभुत तहमा सिकाइलाई प्रभावकारी बनाउनको लागि सिकाइका लागि विभिन्न विधिहरुमध्ये अभिनय विधि, छलफल विधि ,प्रयोगात्मक विधिलाई लिन सकिन्छ । उक्त शिक्षण विधिहरुबाट अध्यापन गराउनाले विद्यार्थीहरुमा पढाइप्रति अभिरुचि पैदा हुन गइ सिकाइ फलदायी बन्न पुग्छ ।

यस अध्ययनको लागि छनोट गरिएका विद्यालयहरुमा स्थलगत अध्ययन गरी शिक्षण विधिको अवलोकन गर्दा निम्न अनुसारका शिक्षण विधिको प्रयोग गरेको पाइयो ।

- छलफल विधि
- प्रश्नोत्तर विधि
- प्रयोगात्मक विधि
- व्याख्यान विधि
- स्थलगत भ्रमण विधि

यस अध्ययन अनुसन्धानको लागि छनोटमा परेका ४ वटा विद्यालयमा विद्यार्थी केन्द्रित विधि प्रयोग गरेको पाइयो । त्यसरी शिक्षण गरेको कक्षाकोठाका विद्यार्थीहरु सक्रिय रहनुका साथै आफूले के सिक्दैछु भन्ने कुरामा चासो राखी सिकाइप्रति उत्सुक राखेको पाइयो ,भने २ वटा विद्यालयमा शिक्षकले व्याख्यान विधि प्रयोग गरेको भेटियो । जसले गर्दा विद्यार्थीहरु आजको कक्षामा के सिक्दैछु भन्ने कुरामा नै अनविज्ञ रहेको पाइयो र विद्यार्थी विद्यार्थी बीच यो पाठ कसरी गर्ने होला मलाई त आउदैन भनी मुखामुख गरिएको पाइयो ।

यसबाट के स्पष्ट हुन्छ भने आधारभुत तहका विद्यार्थीहरुलाई व्याख्यान विधिबाट पढाउदा उनीहरुलाई पढाइप्रति रुचि उत्पन्न नहुने र के सिकिरहेछु भन्ने कुरा  बताउन नसक्नाले सिकाइ प्रक्रियामा अन्यौलता उत्पन्न हुन जान्छ ।

त्यस्तै एउटा विद्यालयमा विद्यालयमा विज्ञान विषय शिक्षण गर्ने क्रममा विद्यार्थीहरुलाई कक्षाकोठा भन्दा बाहिर लगी जीवजन्तुको नाम सिकाउने क्रममा प्रत्यक्ष देखाई अध्यापन गरिएको पाइयो । यसबाट विद्यार्थीले प्रत्यक्ष र स्वअध्ययनबाट सिक्न पाउने भएकोले सिकाइ रुचिकर, प्रभावकारी र दीर्घकालीन हुने गर्दछ । यस्तै एउटा विद्यालयमा कम्प्युटरको कक्षा भएकोले विद्यार्थीलाई पालैपालो प्रयोग गर्न लगाइ शिक्षण गरिएको पाइयो । त्यसरी नै एउटा विद्यालयमा शिक्षकले विद्यार्थीलाई सिकाउने क्रममा शिक्षक विद्यार्थीबीच केही तालमेल नमिलेको पाइयो । शिक्षकले व्याख्यान विधि प्रयोग गरी पढाइरहेको बेला विद्यार्थीहरु एक आपसमा होहल्ला गरेर बसिरहेका थिए । अत आधारभुत तहको लागि शिक्षक केन्द्रित विधि प्रयोग गर्दा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न सक्दैन ।

त्यस्तै शिक्षकले शिक्षण सिकाइको क्रममा के कस्ता शैक्षिक सामाग्री प्रयोग गरेका छन् भनी गरिएको अध्ययनमा निम्न शैक्षिक सामाग्री प्रयोग गरिएको पाइयो :-

- चार्ट
- कम्प्युटर
- पुस्तक
- शिक्षक निर्देशिका
- माटोको मोडेल सामाग्री

यस अध्ययनको लागि छनोट गरिएका ६ वटा विद्यालयमध्ये ३ वटा विद्यालयमा मात्र उपयुक्त शैक्षिक सामाग्री प्रयोग गरेर शिक्षण गरेको भेटियो । जसमध्ये एउटा विद्यालयमा कक्षा एकमा गणित शिक्षण गर्ने क्रममा चार्टको प्रयोग गरी एक, दश र सयको समूहबारे जानकारी सजिलोसँग अध्यापन गराएको पाइयो भने अर्को विद्यालयमा बालबालिकालाई माटोको मोडेल सामाग्री प्रयोग गरी उनीहरुलाई फलफूलको बारेमा एक एक गरी देखाउदै शिक्षण गरेको पाइयो । यसरी माटोको मोडेल सामाग्री बनाई शिक्षण गर्दा सरल, सस्तो र जहाँकही बनाउन सकिने खालको हुन्छ । त्यस्तै अर्को विद्यालयमा कम्प्युटरको कक्षा र

विद्यार्थी संख्या पनि न्यून भएकोले विद्यार्थीलाई पालैपालो कम्प्युटरमा अभ्यास गर्न लगाइ शिक्षण गरिएको पाइयो ।

त्यस्तै छनोट गरिएका २ वटा विद्यालयमा शैक्षिक सामाग्री हुँदाहुँदै पनि शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्री प्रयोग नगरेको पाइयो । यसरी विद्यालयमा शैक्षिक सामाग्री भएर पनि कक्षामा किन प्रयोग नगर्नुभएको भनी शिक्षकलाई सोधिएको प्रश्नमा सधैँ शैक्षिक सामाग्री लिएर कक्षामा शिक्षण गर्दा झन्झट लाग्ने र शैक्षिक सामाग्री विद्यार्थी समक्ष प्रस्तुत गर्दा धेरै विद्यार्थी भएको ठाउँमा सबैलाई एक एक गरेर देखाउनको लागि समय नपुग्नाले सधै शैक्षिक सामाग्री प्रयोग नगरेको हो भन्ने उत्तर पाइयो । यसबाट पुष्टि हुन्छ कि शिक्षक जतिसुकै सक्षम भएपनि शिक्षणको क्रममा हेलचेक्याइँ गरी विद्यार्थीको भविष्य माथि खेलवाड गरिरहेका छन् । त्यस्तै अध्ययनको क्रममा २ वटा विद्यालयका विद्यार्थीको लागि उपयुक्त खालको शैक्षिक सामाग्री भेटिएन ।

यस अध्ययनको क्रममा एउटा विद्यालयमा शैक्षिक सामाग्री नै देखिएन । शिक्षकले शिक्षण गर्ने क्रममा मुद्रित सामाग्री पुस्तक र शिक्षक निर्देशिका मात्र प्रयोग गरेको पाइयो ।

तपाइँहरुलाई शिक्षकले अध्यापन गर्ने क्रममा कुन कुन सामाग्री ल्याउनुहुन्छ भनी विद्यार्थीहरुलाई सोधिएको प्रश्नमा गणित पढ्ने बेलामा ल्याउनुहुन्छ नत्र कहिलेकाहि मात्र अरु शैक्षिक सामाग्री ल्याउनुहुन्छ भन्ने उत्तर पाइयो । यस भनाइबाट के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यालयमा प्रयाप्त शैक्षिक सामाग्री हुँदाहँदै पनि शिक्षकले उचित सदुपयोग नगरेको हुन सक्दछ ।

## ४.१.५ प्रस्तुतीकरण प्रक्रिया

आधारभूत तहमा अध्यापनरत शिक्षक कक्षाकोठामा कसरी शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुन्छन्, तालिममा प्राप्त गरेको ज्ञान, सीपलाई कक्षाकोठामा प्रस्तुत गरेका छन् कि छैनन् ? विद्यार्थीहरुलाई आइपरेका समस्या समाधान कसरी गर्दछन् ? भन्ने कुरा कक्षा अवलोकन मार्फत हेर्न खोजिएको थियो । यस अध्ययनको क्रममा छनोट गरिएका विद्यालयमा कक्षा अवलोकन गरी शिक्षकहरुको प्रस्तुतीकरण हेर्ने क्रममा अधिकांश विद्यालयमा विद्यार्थी केन्द्रित विधि प्रयोग गरिएको पाइयो । विद्यार्थी केन्द्रित विधिको प्रयोग

गरेता पनि शिक्षक विद्यार्थी बीच तालमेल नमिलेको पाइयो । अवलोकनको क्रममा शिक्षकले आफू तालिम प्राप्त भएर पनि त्यसलाई कक्षाकोठाका प्रयोग गर्न अल्छी गरेको पाइयो ।

यसैगरी २ वटा विद्यालयका शिक्षकले विद्यार्थी आफैलाई पालैपालो पढ्न लगाएको र त्यस सम्बन्धि व्याख्या विश्लेषण केहि नगरी शिक्षक निष्क्रिय रहेको पाइयो । जसबाट विद्यार्थी त्यस दिन पढाएको विषयवस्तुप्रति अनविज्ञ रहेकोले पाठको अन्तमा सोधिएका प्रश्नको उत्तर दिन अधिकांश विद्यार्थीले सकेनन् । तालिममा सिकेको कुरालाई विद्यार्थी समक्ष प्रस्तुत गर्न किन यस्तो कन्जुस्याइ गर्नुभएको भनी शिक्षकलाई सोधिएको प्रश्नमा सधैं तालिममा सिकेको कुरालाई प्रस्तुत गर्ने हो भने एक शैक्षिक सत्रमा पढाउनुपर्ने पाठ आधा पनि सकिदैन, सबै विद्यार्थीलाई एक एक गर्दै सिकाउनु पर्दा सबै विद्यार्थी एकै किसिमका हुँदैनन । त्यसैले एक पिरियड भरि आएर पाइन्छ त्यति हो भन्ने खालका जवाफ पाइयो । यसबाट शिक्षकले विद्यार्थीप्रति आफु असल शिक्षकको भूमिका निर्वाह नगरेको पाइयो ।

त्यस्तै अध्ययनको लागि छनोट गरिएको अर्को विद्यालयमा शिक्षक विद्यार्थी दुवै सक्रिय रही शिक्षण सिकाइलाई मनोरञ्जनात्मक रुपमा शिक्षण गरेको पाइयो । यसरी अध्ययन अध्यापन गर्दा शिक्षकले आफुमा भएको ज्ञान सिपलाई विद्यार्थी समक्ष क्रमबद्ध रुपमा प्रस्तुत गरेका र विद्यार्थीहरुले पनि सोही अनुरुप सिक्नमा उत्सुक रहेको पाइयो । विद्याथीहरुसँग अन्तरक्रिया गराउदा मुख्यतः छलफल, शोधखोज, प्रश्नोत्तर, प्रयोगात्मक विधिहरु प्रयोग गरी शिक्षण प्रक्रियालाई विद्यार्थी केन्द्रित गराएको पाइयो । विद्यार्थीले राम्रो काम गरेवापत स्याबासी दिएर हौसला दिएको र विद्यार्थीहरुलाई कुनै समस्या आएमा सम्झाइ बुझाइ त्यसको समाधान गरिदिइ पृष्ठपोषण दिने गरेको पाइयो ।

## ४.१.६ शिक्षक विद्यार्थीको अन्तरक्रिया

कक्षाकोठामा शिक्षण सिकाइको प्रक्रियामा शिक्षक विद्यार्थीको अन्तरक्रिया कस्तो रहयो भनी  स्थलगत अध्ययन गर्ने क्रममा छनोट गरिएका ६वटा विद्यालय मध्ये ४ वटा विद्यालयमा शिक्षक विद्यार्थी दुवै सहभागी भएको शिक्षण विधि प्रश्नोत्तर, छलफल विधि प्रयोग भएको पाइयो । जसबाट शिक्षण सिकाइ प्रक्रियामा शिक्षक विद्यार्थी दुवै संलग्न भएर समस्याको समाधान गर्न सजिलो हुन्छ । शिक्षणको क्रममा विद्यार्थीले नबुझेमा कनै झन्झट नमानी सम्झाइसम्झाई बुझाइदिनुभयो । त्यस्तै २ वटा विद्यालयमा शिक्षक केन्द्रित विधि प्रयोग गरिएको पाइयो । शिक्षण सिकाई प्रक्रियामा शिक्षकमात्र सक्रिय रहेकोले विद्यार्थीहरु

आ आफ्नै तालमा कक्षामा बसेका थिए । धेरैजसो विद्यार्थीहरुले शिक्षकले पढाएको कुरा प्रति ध्यान नदिइ साथी साथीमा होहल्ला गरिरहेका थिए । पाठको अन्तमा आज कुन पाठ पढाएको हो भनी शिक्षकले सोध्दा विद्यार्थीले भन्ने नै थाहा पाएका थिएनन् । यसबाट के प्रष्ट हुन्छ भने शिक्षक जतिसुकै तालिम प्राप्त, दक्ष, निपुण भएपनि शिक्षण सिकाइ प्रक्रियामा त्यसलाई उपयोग गरेनन् भने सिकाइ फलदायी बन्न सक्दैन ।

यस्तै अन्तरक्रिया गर्ने क्रममा एउटा विद्यालयको कक्षा दुईमा सिर्जनात्मक कला विषय अन्तगर्त रङ पाठ सिकाउने क्रममा शिक्षकले विभिन्न रंगका चित्रहरु, फ्ल्यास कार्ड ल्याएर तिमीलाई कुन रङ मनपर्छ ? तिमीले लगाएको सर्ट कुन रङको छ ? संगीताले लगाएको रिबनको रङ कस्तो छ? त्यो बाहिर अम्बाको बोट कस्तो रङको पर्छ ? अम्बा पाकेपछि कस्तो रङको हुन्छ ? भनी सोधे । त्यसपछि विद्यार्थीले ती प्रश्नको उत्तर दिदै गए । त्यस क्रममा अधिकांश विद्यार्थीले रङबारे धारणा जानिसकेका थिए । एक दुई जना विद्यार्थीले चाहिँ उपयुक्त रङको पहिचान गर्न सकेनने । सो क्रममा विभिन्न रङको फ्ल्यास कार्डहरु देखाउँदै सिकाएको पाइयो ।

## ४.२ शिक्षण सिकाइ प्रक्रियाको अवस्था :

कक्षा अवलोकनको निष्कर्ष यस अध्ययन अनुसन्धान गर्ने क्रममा शिक्षकले आफूमा भएको ज्ञान सीपलाई विद्यार्थी समक्ष कसरी प्रस्तुत गरेका छन् ? भनी गरिएको अधययनमा छनोटमा परेका ६ वटा विद्यालयमा कुनै एक शिक्षकलाई आकस्मिक छनोट गरी आवश्यक सूचना संकलन गर्ने क्रममा निम्न प्रक्रियाहरु अवलम्बन गरिएको पाइयो ।

- छनोटमा परेका ७ जना शिक्षक मध्ये ४ जना शिक्षकले कक्षामा शिक्षण गर्ने क्रममा अघिल्लो दिन पढाएको पाठको सारांश बताउदै आजको पाठको सुरुवात गरेको पाइयो भने २ जनाले केही नभनी पाठको सुरु गरेको र १ जनाले विद्यार्थीलाई अभिप्रेरित गर्न र फ्रेस बनाइ शिक्षण प्रक्रियामा संलग्न बनाउनको लागि एउटा सानो चुट्किला भनेर पाठको सुरुवात गर्नुभयो ।जसबाट विद्यार्थीहरु अरु विद्यालयमा भन्दा सक्रिय रहको पाइयो ।

- छनोटमा परेका ५ शिक्षकले विद्यार्थीकेन्द्रित विधि अपनाइ विद्यार्थीलाई सक्रिय बनाइ अध्यापन गरिएको पाइयो भने २ जनाले व्याख्यान विधिबाट शिक्षण गरेको पाइयो ।

यसरी व्याख्यान विधिबाट अध्यापन गराउदा शिक्षण सिकाइ प्रक्रियामा शिक्षक विद्यार्थीको तालमेल नमिली विद्यार्थीहरुले पढाइप्रति चासो नदिएको पाइयो ।

- छनोटमा परेका शिक्षकहरुमध्ये ३ जना शिक्षकले मात्र उपयुक्त शैक्षिक सामाग्र प्रयोग गरी शिक्षण गरिएको पाइयो भने बाँकी अरु शिक्षकहरुले दैनिक रुपमा प्रयोग हुने चक डस्टर मात्र प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- विद्यार्थी र शिक्षकको अनुपात नमिलेकोले छनोटमा परेका विद्यालय मध्ये एउटा विद्यालयमा विद्यार्थी संख्या धेरै भएकोले एक घण्टीमा शिक्षकले सबै विद्यार्थीलाई समय दिन नसकेको पाइयो भने अर्को एउटा विद्यालयका एकदमै न्यून विद्यार्थी भएकोले शिक्षण गर्ने क्रममा विद्यार्थीले नबुझेको बेला एक एक गरी बुझन लगाई शिक्षण गरेको पाइयो भने अरु विद्यालयमा विद्यार्थी केन्द्रित विधि प्रयोग गरी शिक्षण गरिएको पाइयो ।
- शिक्षण गर्ने क्रममा शिक्षक विद्यार्थीबीचको अन्तरक्रिया अधिकांश विद्यालयमा सन्तोषजनक नै रहेको पाइयो ।
- विद्यार्थीले राम्रो काम गरेबापत पुरस्कारको व्यवस्था गरी विद्यार्थीलाई प्रोत्साहन दिइएको पाइयो भने छनोट गरिएका सबै विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुलाई दण्ड दिइएको पाइएन ।
- शिक्षकले शिक्षण गर्ने क्रममा एउटा शिक्षकलाई भाषिक समस्या रहेको पाइयो भने अरु शिक्षकहरुमा खासै त्यस्तो समस्या पाइएन ।
- कक्षाको अन्तमा पाठको निचोड बताउने क्रममा ६ जना शिक्षकले पढाइएको पाठलाई बुँदागत रुपमा बताएको पाइयो भने एक जनाले घण्टी बज्ना साथ त्यतिकै अर्को कक्षामा गएको पाइयो ।

## ४.३ आधारभूत तहका शिक्षकहरुको सिकाइप्रति शिक्षक, प्रधानाध्यापक र स्रोत व्यक्तिको धारणा

शिक्षक आफै शिक्षित हुनु अर्थात् नयाँ किसिमले बुझ्न तयार हुनु सबभन्दा जटिल कार्य हो । शिक्षकको मुख्य पेशा शिक्षण हो । त्यस्तै शिक्षकको कार्य शिक्षा दिनु मात्र नभएर वा विद्यार्थीले कति धेरै कुरा सिक्न सके भन्ने मात्र नभएर बरु सिकेका कुराहरु विद्यार्थीका लागि कति अर्थपूर्ण रह्यो, त्यसको लेखाजोखा गर्नु हो । शिक्षकले आफूले पढाउने विभिन्न विषयवस्तुलाई विभिन्न कक्षा, विविध सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, धार्मिक, सांस्कृतिकक वातावरणका बालबालिकालाई अध्यापन गर्नुपर्ने भएकोले सबै पक्षसँग राम्रोसँग परिचित हुन सक्नुपर्दछ । शिक्षकले एउटै शिक्षण विधि, तरिकाबाट बालबालिकालाई अध्यापन गराउन सक्षम हुन सक्दैनन् । त्यसरी शिक्षण गर्ने क्रममा आफूले सिकेका ज्ञान सीपलाई कसरी प्रस्तुत गर्दछन् भन्ने कुरा मुख्य चुनौतीको रुपमा रहेको हुन्छ ।

### ४.३.१ आधारभूत तहका शिक्षकहरुको शिक्षण सिकाइप्रति शिक्षकको धारणा

अध्ययन क्षेत्रमा छनोट गरिएका शिक्षकहरुलाई विषयगत ज्ञानलाई गहिराइ सम्म पुऱ्याउनको लागि कस्ता कस्ता पाठ्यपुस्तकहरु अध्ययन गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा अधिकांश शिक्षकहरुले विषयसँग सम्बन्धित सन्दर्भ सामाग्रीहरु, शिक्षक निर्देशिका, नेट इन्टरनेटको सहयोग लिने, विभिन्न किसिमका शैक्षिक पत्रिकाको अध्ययन गर्ने जवाफ दिएका थिए । त्यस्तै विषयगत ज्ञान सीपको विकास गर्न क -कसको सहयोग लिनुहुन्छ ? भन्ने प्रश्नमा धेरैजसो शिक्षकले पाठ्यपुस्तक, पाठ्यक्रम ,शिक्षक निर्देशिका, सन्दर्भ सामाग्री, विषयविशेषज्ञ, स्रोत व्यक्तिसँग परामर्श लिने गरेको पाइयो ।

पेशागत दक्षता अभिवृद्धि गर्नका लागि कस्ता कस्ता कुरामा जोड दिनुहुन्छ? भनी शिक्षकलाई सोधिएको प्रश्नमा छनोट गरिएका १७ जना शिक्षकहरुमध्ये १० जना अर्थात् ५९% ले तालिम, प्रशिक्षण, सेमिनार, गोष्ठीमा भाग लिइ त्यहाँ सिकेका कुराहरुलाई स्वतस्फूर्त रुपमा कक्षामा कार्यान्वयन गर्ने गरेको भन्ने जवाफ दिएको पाइयो भने बाँकी ७ जना अर्थात् ४१% ले निरन्तर स्वअध्ययन गर्ने, नयाँ नयाँ प्रविधिको खोजी गरी बालमैत्री शिक्षणमा जोड दिने गरेको छु भन्ने उत्तर दिए । त्यस्तै तपाईले तालिम लिनुभएको छ ? भनी सोधिएको प्रश्नमा सबै शिक्षकले TPD तालिम लिएको, ३ जना शिक्षकले दूर शिक्षा

तालिम लिएको, ८ जना शिक्षकले बहुकक्षा शिक्षण तालिम लिएको र ४ जना शिक्षकले आधारभूत शिक्षक तालिम लिएको भन्ने जवाफ पाइयो ।

यसरी शिक्षण सिकाइ प्रक्रियामा तालिमले के कस्तो सहयोग गरेको छ ? भनी सोधिएको प्रश्नमा अधिकांश शिक्षकले शैक्षिक सामाग्रीको निर्माण गरी प्रभावकारी ढङ्गले उपयुक्त विधिको छनोट गरी सिकाइलाई प्रभावकारी रुपमा अगाडि बढाउन सहयोग गरेको छ भन्ने जवाफ दिए । त्यस्तै शिक्षण सिकाइमा आएका नवीनतम प्रविधि तथा विधिहरुको ज्ञान प्राप्त गर्न सञ्चार माध्यमका साधनहरु रेडियो, पत्रपत्रिका, इन्टरनेटको प्रयोग गर्छु भनी ९ जना शिक्षकले, आफूभन्दा सिनियर साथीको सहयोग लिने गर्छु भनी ५ जनाले, ३ जना शिक्षकले पाठ्यपुस्तक ,पाठ्यक्रम ,शब्दकोष प्रयोग गर्छु भन्ने उत्तर दिए । त्यस्तै विद्यार्थीको मूल्यांकन कसरी गर्नुहुन्छ भनी सोधिएको प्रश्नमा शतप्रतिशत शिक्षकले विद्यार्थीको निरन्तर मूल्यांकन गर्ने, दैनिक कक्षामा गृहकार्य जाँच गर्ने, प्रश्न उत्तर गर्ने, त्रैमासिक रुपमा परीक्षा लिने गरिन्छ भन्ने साझा उत्तर आयो ।

समग्रमा आधारभुत तहमा अध्यापनरत शिक्षकहरुले आफूमा भएको ज्ञान र सीपलाई विभिन्न तालिम, गोष्ठि, सेमिनारमा सहभागी भइ परिवर्तित समय अनुसार अद्यावधिक गर्दै लगेको पाइयो । यसरी शिक्षकमा भएको ज्ञान र सीपलाई विद्यार्थी समक्ष पुऱ्याउने क्रममा शिक्षक र विद्यार्थीबीच कता कता तालमेल नमिली शिक्षण सिकाइ प्रक्रिया त्यति प्रभावकारी बन्न नपुगेको भेटियो ।

## ४.३.२ आधारभुत तहका शिक्षकहरुको शिक्षण सिकाइप्रति प्रधानाध्यापकको धारणा

त्यसरी नै छनोट गरिएका विद्यालयका प्रधानाध्यापकहरुलाई तपाईको विद्यालयमा शिक्षकहरुको ज्ञान सीपको विकास गर्ने उद्देश्यले के कस्ता क्रियाकलाप सञ्चालन गर्नुभएको छ,? सोधिएको प्रश्नमा “शैक्षिक अन्तरक्रिया, तालिममा शिक्षक सहभागिताको लागि पठाएर ,विद्यालयमा नै प्रशिक्षक वोलाइ तालिम दिन लगाएर, पुर्नताजगी तालिमको सञ्चालन गर्ने गरेका छौ” भन्ने जवाफ दिनुभयो । प्रधानध्यापक भइ विद्यालय सञ्चालन गरिरहेको अवस्थामा शिक्षकको ज्ञान सीपको विकास गर्न स्वअध्ययनको वातावरण सिर्जना गर्ने, खोज अनुसन्धान गरी समसामयिक ज्ञान दिन जोड दिने, शिक्षकको शैक्षिक तथा सामाजिक गुणको विकास गर्नुपर्छ भनी ५ जना प्रधानाध्यापकले उत्तर दिए भने २ जना प्रधानाध्यापकले शैक्षणिक व्यवस्थापनका विविध पक्षमा सहयोग गर्नुपर्ने देखिन्छ भनी जवाफ दिए । यसरी

शिक्षकको ज्ञान सीपको विकासमा गर्नको लागि विद्यालयमा आवश्यकीय सामाग्रीहरु उपलब्ध गराउने, शिक्षकको सर्वपक्षीय विश्लेषण गरी उचित परामर्श दिने, शिक्षक अनुकूल वातावरणको सिर्जना गर्ने, स्वअध्ययनको लागि पुस्तकालयमा आवश्यक सन्दर्भ सामाग्रीको व्यवस्था गरिदिने गरेका छौ भन्ने साझा जवाफ आयो ।

शिक्षण सिकाइ प्रक्रियाको अवस्थामा शिक्षकलाई आएको समस्था समाधानको लागि के कस्ता कार्यक्रम सञ्चालन गर्नुभएको छ भनी सोधिएको प्रश्नमा ५ जना प्रधानाध्यापकले स्रोतकेन्द्र स्तरीय बैठक बसी शैक्षिक अन्तरक्रिया गर्ने, विषयगत शिक्षकबीच छलफल गरी समस्या समाधान गर्न निर्देशन गर्ने र बाँकी २ जनाले नयाँ नयाँ पाठ्यक्रम, पाठ्यपुस्तक लगायत शब्दकोषबाट खोजी गर्ने साथै समय समयमा तालिमको व्यवस्था गर्ने गरेका छौ भन्ने जवाफ दिए । त्यस्ता ज्ञान सीपको विकास गर्नका लागि हामीले विभिन्न खालका नयाँ नयाँ पाठ्यसामाग्रीहरु उपलब्ध गराउने, तालिमपछि त्यहाँ हासिल गरेका ज्ञान सीप अरु शिक्षक समक्ष पुऱ्याउन छलफलको व्यवस्था गर्ने गरेका छौं भनेर सबैजसो प्र.अ.ले जवाफ दिए ।

त्यस्तै छनोट गरिएका प्र.अ.हरुका अनुसार शिक्षकको ज्ञान सीपको विकास गर्न स्व-अध्ययनको वातावरण सिर्जना गर्ने, समसामयिक ज्ञान दिन जोड दिने, शिक्षकको शैक्षिक साथै सामाजिक पक्षमा जोड दिने, पुनर्ताजगी तालिमको व्यवस्था गर्ने, विषयवस्तु र सोही अनुसारका शैक्षिक सामाग्रीबीच तालमेल हुने गरी शिक्षण गर्नुपर्छ अनिमात्र शिक्षण सिकाइ प्रभावकारी, अर्थपूर्ण र फलदायी बन्न पुग्छ भनी सबै प्र.अ.ले साझा उत्तर दिएको पाइयो ।

यसरी शिक्षकको ज्ञान र सीपको अभिवृद्धि गर्नको लागि विभिन्न खालका शैक्षिक अन्तरक्रिया, तालिममा शिक्षकको सहभागिता गराएर, विद्यालयमा नै प्रशिक्षक बोलाइ तालिम दिन लगाएर ,पुनर्ताजगी तालिमको सञ्चालन गरेको पाइयो । यसबाट परिवर्तित समयसँगै शिक्षाको क्षेत्रमा आएका नयाँ नयाँ आयामहरुबारे परिचित भइ सोही अनुरुप शिक्षण सिकाइ प्रक्रियालाई अगाडि बढाउन सकिन्छ ।

### ४.३.३ आधारभुत तहका शिक्षकहरुको शिक्षण सिकाइप्रति स्रोत व्यक्तिको धारणा

यसरी नै सम्बन्धित क्षेत्रको स्रोत व्यक्तिलाई तपाइँ स्रोत व्यक्तिको हैसियतले आफ्नो कार्यक्षेत्रमा शिक्षकको ज्ञान र सीपको विकासका लागि के कस्ता क्रियाकलाप गर्नुभएको छ ? भनी सोधिएको प्रश्नमा TPD तालिम,CAS तालिम लगायत नियमित कक्षा अवलोकन र पृष्ठपोषण दिने कार्य गरिएको छ भनी जवाफ दिनुभयो । त्यस्तै स्रोत केन्द्रबाट सञ्चालन हुने कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता रहेको र त्यस्ता क्रियाकलापमा सहभागी शिक्षकहरुलाई कक्षाकोठामा आइपरेका समस्याहरु आइपर्दा एक आपसमा छलफल गरी सही निष्कर्षमा पुग्ने गरेको थाहा पाएको छु भनी जवाफ दिनुभयो । शिक्षकका लागि ज्ञान सीपको विकास गर्नका लागि के कस्ता क्रियाकलाप गर्नुपर्ने देखिन्छ भनी सोधिएको प्रश्नमा समय समयमा नयाँ नयाँ प्रविधिबारे एक आपसमा अन्तरक्रिया, तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिरहनुपर्ने हुन्छ भनी जवाफ दिनुभयो । त्यस्तै आफ्नो कार्य क्षेत्रमा शिक्षकहरुको ज्ञान र सीपको विकासको अवस्था सन्तोषजनक नै रहेको, र उनीहरुको ज्ञान सीप विकास गर्नको लागि स्रोत केन्द्र बाहेक विद्यालय स्वयम्ले आफ्नो वार्षिक कार्य तालिका निर्माण, शिक्षण सुधार योजना तयार गरी विभिन्न शिक्षा क्षेत्रमा सहयोग गर्ने गैह्र सरकारी संघ संस्थाहरु समेतबाट सहयोग लिने दिने कार्य गर्नुपर्ने हुन्छ भनी उत्तर दिनुभयो । त्यस्तै शिक्षकको सिकाइ उपलब्धि वृद्धिका लागि आवश्यक कार्यक्रमहरु र ICT सम्बन्धि प्रत्येक शिक्षक सचेत रहनुपर्ने र नयाँ प्रविधिको विकासका साथै सोचमा परिवर्तन गर्नुपर्दछ अनिमात्र शिक्षण क्षेत्रमा गुणात्मक परिवर्तन आउन सक्छ भन्ने जवाफ दिनुभयो ।

सम्बन्धित क्षेत्रका स्रोत व्यक्तिले शिक्षकको ज्ञान र सीपको अभिवृद्धि गर्नको लागिTPD तालिम, CASतालिम लगायत नियमित कक्षा अवलोकन साथै पृष्ठपोषण दिने गरेको पाइयो । शिक्षकको सिकाइ वृद्धिको लागि आवश्यक कार्यक्रमहरु र ICT सम्बन्धि प्रत्येक शिक्षक सजग भइ परिवर्तित समयसँगै आफ्नो सोचमा पनि परिवर्तित हुनुपर्छ । अनिमात्र शिक्षण क्षेत्रमा गुणात्मक परिवर्तन आउन सक्दछ ।

## ४.४ आधारभुत तहका शिक्षकहरुको शिक्षण सिकाइ प्रक्रियामा देखिएका समस्याहरु

यस अध्ययनको लागि छनोट गरिएका अध्ययन क्षेत्रमा शिक्षकहरुको विषयगत ज्ञान र सीपको अभिवृद्धिकरण प्रक्रिया र कार्यगत सिकाइ पहिचान गर्ने उद्देश्यले गरिएको अध्ययन पश्चात् शिक्षकका सिकाइ प्रक्रियामा विभिन्न धारणा पाइयो । आफ्नो ज्ञानलाई अद्यावधिक गर्ने र शिक्षण पेशामा विभिन्न समस्याहरु रहेको पाइयो । यति हुँदाहुदै पनि शिक्षण कार्य नियमित र व्यवस्थित रुपमा सञ्चालन हुनुलाई राम्रो पक्षको रुपमा लिन सकिन्छ ।

अध्ययन क्षेत्रमा प्राथमिक तथ्यांक संकलन गर्ने क्रममा स्वयम्ले देखेका शिक्षण सम्बन्धि समस्या, भेटघाटको क्रममा शिक्षकहरुबाट व्यक्त गरिएका धारणा र प्रश्नावलीमा सहभागी शिक्षकहरु, विद्यार्थीहरुसँग गरिएको लक्षित समूह छलफल,प्र.अ. र स्रोत व्यक्तिहरुले व्यक्त गरेको मतको आधारमा संकलन गरिएका समस्याहरुलाई औंल्याइएको छ । अध्ययन क्षेत्रमा सिकाइको प्रक्रिया सम्बन्त्रि विभिन्न समस्याहरु देखापरेका थिए । जसलाई बुँदागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छः-

**क. प्रशासनिक समस्या**

- शैक्षिक सामाग्रीको अभाव
- पाठ्पक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका एवम् अन्य सन्दर्भ सामाग्रीको उपलब्ध नहुनु
- शिक्षक र अभिभावकबीच जनसम्पर्क, छलफल र अन्तरक्रियाको अभाव रहनु
- विद्यालयमा निरीक्षण कार्य नियमित रुपमा नहुनु
- प्रशासनबाट शिक्षकलाई समान व्यवहार नहुनु

**ख. व्यवस्थापन सम्बन्धि समस्या**

- शैक्षिक वातावरण अनुकूल नहुनु
- विद्यालयको व्यवस्थापनका कमजोरी भएको
- शिक्षण सिकाइ प्रक्रियामा विद्यालय व्यवस्थापन समिति जिम्मेवा र  नरहनु

**ग. शिक्षक सम्बन्धि समस्या**

- शिक्षण पेशामा तालिम प्राप्त नभएपनि अवसर पाउनु

- विषयगत शिक्षकको कमी हुनु
- विद्यमान तालिमले शिक्षकलाई आकर्षक गर्न नसक्नु
- तालिमको उचित प्रवन्ध नहुनु
- तालिमको प्राप्त शिक्षकले तालिममा सिकेको ज्ञान र सीप कक्षाकोठामा प्रयोग नगरेको
- शिक्षकमा आत्मबोध, आत्म परिवर्तन नहुनु
- परीक्षा प्रणालीमा शिक्षकहरुलाई दोष लगाउनु
- सरकारबाट पूर्वसेवाकालीन तालिमको व्यवस्था न्यून रुपमा भएको
- अध्ययन अनुमति पत्र सम्बन्धि कानुनी प्रावधानको प्रधावकारी कार्यान्वयन नभएको
- शिक्षक तालिमको गुणस्तर निम्न भएको
- स्रोत केन्द्र र स्रोत व्यक्तिले शिक्षकहरुलाई प्रदान गर्ने शिक्षक सहयोग कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसकेको
- प्रशिक्षकहरु प्राज्ञिक, प्राविधिक र व्यवसायिक रुपमा सक्षम नहुनु
- शिक्षक  तालिममा सरकारी लगानी कम हुनु
- सुविधा र पदोन्नतिमा असमानता हुनु

## ४.५ आधारभुत तहको शिक्षकको शिक्षण सिकाइ प्रक्रियामा देखिएका समस्याका समाधानका उपायहरु

यस अध्ययन अनुसन्धान गर्ने क्रममा  छनोटमा परेका  तहका स्थायी आधारभुत तहका शिक्षकहरुलाई अध्यापन कार्यमा आइपरेका समस्या समाधानको लागि तपाईंले के के गर्नुहुन्छ भनी सोधिएको प्रश्नमा शिक्षकहरुले निम्न अनुसारका जवाफ दिइएको पाइयो :-

- विभिन्न शैक्षिक पत्रपत्रिकाको अध्ययन गरेर
- साथीसाथीहरुबीच छलफल गरेर
- गुगलको खोजी गरेर

- सन्दर्भ तथा स्रोत सामाग्रीबाट खोजी गरेर
- सिनियर शिक्षक तथा प्र.अ. सँगको सहकार्य गरेर
- कार्यमूलक अनुसन्धानबाट
- स्रोत व्यक्ति, प्र अ तथा विषयविशेषज्ञहरुसँग शैक्षिक परामर्श लिने
- स्वअध्ययनबाट

शिक्षण सिकाइको प्रक्रियामा देखिएका समस्याहरुको समाधान गर्नको लागि विभिन्न उपायहरु अपनाएको पाइयो । जसअनुसार सबभन्दा धेरै जना अर्थात् ९ जनाले सिकाइमा केही समस्या आएमा गुगलको खोजी गर्छु भनी जवाफ दिए । विभिन्न शैक्षिक पत्रपत्रिकाको अध्ययन गरी त्यसबाट प्राप्त भएका ज्ञान सीपलाई कक्षाकोठामा प्रयोग गर्छु भनी ८ जनाले बताएको पाइयो । त्यस्तै शिक्षक सहकर्मीबीच समस्या बताएर सामूहिक छलफल गर्छु भनी ७ जनाले, सन्दर्भ सामाग्री र स्रोत सामागीको अध्ययन गरी समास्याको समाधान गर्छु भनी ६ जनाले बताएको पाइयो । आफूभन्दा सिनियर शिक्षक साथी ,स्रोतव्यक्ति, प्र.अ. तथा विषय विशेषज्ञहरुसँग शैक्षिक परामर्श लिने ५/५ जना शिक्षकहरुले आ- आफ्नो धारणा व्यक्त गरेका थिए ।

यसरी उनीहरुले दिएको जवाफ र कक्षाकोठामा गरिएको अवलोकन गर्दा त्यति तालमेल नमिलेको पाइयो । शिक्षक तालिम प्राप्त भएर पनि त्यसको कक्षाकोठामा प्रयोग नगरी विद्यार्थीलाई परम्परागत विधिबाट अध्यापन गरेको पाइयो । जसबाट शिक्षण सिकाइ प्रक्रिया अर्थपूर्ण नभएको पाइयो ।

त्यस्तै तपाईंको विद्यालयमा शिक्षण सिकाइ प्रक्रियामा देखिएका समस्याहरु समाधानको लागि के गर्नुहुन्छ भनी प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ५ जना प्र.अ. ले स्रोतकेन्द्र स्तरीय बैठक गरी शिक्षण सिकाइ प्रक्रियामा आएका समस्याहरुलाई समाधान गर्न विभिन्न तरिकाहरु अवलम्बन गर्ने , विषयगत शिक्षकहरुबीच छलफल गर्ने भनी ४ जनाले , समय परिवर्तनसँगै शिक्षा क्षेत्रमा आएको नयाँ नयाँ प्रविधिहरुको खोजी गरी शैक्षिक परामर्श गर्ने भनी ६ जनाले उत्तर दिए । त्यसरी नै २ जना प्र.अ. ले समय समयमा तालिम सञ्चालन गरी त्यसमा शिक्षकहरुलाई सक्रिय सहभागी गराउनुपर्छ भन्ने जवाफ दिए । तर

अध्ययनको क्रममा  कतिपय विद्यालयका प्र.अ. ले आफ्नो जिम्मेवारी उचित रुपमा निर्वाह नगरेको पाइयो । शिक्षकहरुलाई पक्षपात गरी उनीहरुलाई समस्या परेको बेला त्यति ध्यान नदिइएको पाइयो ।  समग्रमा छनोटमा परेका प्रधानाध्यापकले निम्नानुसार शिक्षकको शिक्षण सिकाइ प्रक्रियामा आएका समस्याहरुलाई समाधान गर्ने गरेको पाइयो :-

- स्रोत केन्द्रस्तरीय बैठक गर्ने
- विषयगत शिक्षकहरुबीच छलफल गर्ने
- नयाँ नयाँ प्रविधिहरुको खोजी गरी शैक्षिक परामर्श दिने
- समय समयमा तालिम सञ्चालन गर्ने

# अध्याय - पाँच

# अध्ययनको प्राप्ति, निष्कर्ष र सुझाव

यस अध्ययन सुनसरी जिल्लामा सञ्चालित ६ वटा सामुदायिक विद्यालयको आधारभुत तहको सिकाइ प्रक्रियाको अवस्था शीर्षकमा केन्द्रित गरिएको खोजसँग आधारित रहेको छ । अध्ययनको लागि ६ वटै विद्यालयका प्र.अ.त्यस विद्यालयमा अध्यापनरत आधारभुत तह स्थायी शिक्षकहरु, सम्बन्धित क्षेत्रको स्रोत व्यक्ति, शिक्षक स्वम् विद्यार्थीहरुसँग सोधिएको प्रश्नावली तथा अन्तरवार्ता साथै कक्षा अवलोकन, छलफल जस्ता साधनहरको प्रयोग गरी सूचना संकलन गरिएको थियो । प्राप्त सूचना व्याख्या तथा विश्लेषको आधारमा निम्न प्राप्ति, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ :-

## ५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त भएका प्राप्तिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

- छनोट गरिएका अधिकांश विद्यालयमा शिक्षणको क्रममा शैक्षिक सामाग्री प्रयोग गरिएको पाइएन ।
- अध्ययनको लागि छनोट गरिएका ६ वटा विद्यालयका १७ जना शिक्षकहरुको सिकाइ प्रक्रियालाई हेर्दा अधिकांश शिक्षकहरु आफ्नो शिक्षण सिकाइमा आइपर्ने समस्या समाधान गर्न र आफूमा भएको ज्ञानलाई अद्यावधिक गर्नको लागि विभिन्न शैक्षिक पुस्तकको अध्ययन र इन्टरनेटको आधार लिएको पाइयो ।
- छनोट गरिएका विद्यालयका प्र.अ. र स्रोत व्यक्तिको अनुसार शिक्षकहरु कठिन परिवर्तन तथा अवस्थामा पनि शिक्षण क्रियाकलापलाई निरन्तरता दिएको पाइयो ।
- शिक्षकले आफ्नो पेशाप्रति उत्तरदायित्व बहन कम गरी पेशागत अभिवृद्धिको पक्षमा खासै ध्यान नदिएको साथै तालिमलाई बढुवाको दृष्टिकोणबाट हेरेको र तालिमबाट प्राप्त ज्ञानलाई कक्षाकोठामा खासै प्रयोग नगरेको पाइयो ।
- विद्यालयमा उपलब्ध सामाग्रीहरु पनि मर्मत सम्भार नभएको एवम् उपयुक्त व्यवस्थापनको अभावमा त्यसै थन्किएको पाइयो ।

- शिक्षकको आचरण, सामुदायिक सम्बन्ध, मनोविज्ञान सम्बन्धी ज्ञान खासगरी तालिम तथा अनुभव सिकाइबाट प्राप्त गर्ने गरेको पाइयो । यसका साथसाथै अन्तरक्रियात्मक कार्यक्रमबाट प्राप्त गर्ने गरेको पाइयो ।
- छनोटमा परेका विद्यालयहरुमा शिक्षकहरुले कक्षाकोठाभित्रका साथै समुदायको लागि पनि परिवर्तन गर्न नेतृत्व लिनुपर्ने धारण पाइयो । शिक्षकहरुले आफूलाई नेतृत्व सीपको विकासमा विद्यालय कक्षाकोठामा गरिने संवाहकको भूमिका बालबालिकाको सहायताबाट लिने गरेको पाइयो ।
- विषयगत ज्ञान तथा सिकाइका नवप्रवर्तकहरुलाई विविध माध्यमबाट भएतापनि शिक्षकहरुमा शिक्षकहरुमा नियमित अभ्यापन कार्यका लागि आवश्यक ज्ञानहरु, बालमनोविज्ञानको ज्ञान, शिक्षण विधि छनोट, मूल्यांकन विधि,पाठ्यपुस्तकको प्रयोग, कक्षाकोठा व्यवस्थापन, विद्यालय समुदायबीचको सम्बन्ध र वातावरणीय सम्बन्ध जस्ता क्षेत्रको ज्ञान आफ्नो कार्यक्षेत्रबाट प्राप्त गर्ने गरेको पाइयो ।
- शिक्षकले आफ्नो कार्यक्षेत्रमा आफ्नो ज्ञान र सीपलाई प्रस्तुत गर्ने क्रममा प्रशासनिक,व्यवस्थापन तथा शिक्षणसम्बन्धी समस्या रहेको पाइयो । शिक्षकले शिक्षण गर्ने क्रममा शिक्षकमा अन्यौलता रहेको पाइयो जसले गर्दा शिक्षण प्रक्रिया व्यवस्थितरुपमा अगाडि बढ्न नसकेको पाइयो ।
- शिक्षक तालिम प्राप्त भएर पनि त्यसलाई कक्षाकोठामा कार्यान्वयन नगरेको र तालिमलाई बढुवाको आधार मात्र लिएको पाइयो ।
- छनोट गरिएको विद्यालयहरुमा स्रोत व्यक्तिहरुद्धारा पृष्ठपोषण प्रदान गर्ने गरी शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरुलाई सम्बन्धित क्षेत्रका स्रोत व्यक्तिको परामर्श लिएर समस्या समाधान गर्ने गरेको पाइयो ।
- छनोट गरिएका अधिकांश विद्यालयमा आवश्यक फर्निचर, खानेपानी, शौचालय,पुस्तकालय जस्ता भौतिक पूर्वाधारको व्यवस्था भएको र कुनै विद्यालयमा सबै सुविधा भएर पनि त्यसको सही सदुपयोग नभएको पाइयो ।
- कक्षा अवलोकनको क्रममा अधिकांश शिक्षकले विद्यार्थी केन्द्रित विधि प्रयोग गरी शिक्षण गरेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययन अनुसन्धानमा छनोट गरिएका विद्यालयहरुमा शिक्षकहरुले आफ्नो ज्ञान र सीपको अभिवृद्धिकरणका लागि विभिन्न प्रक्रियाहरु अपनाएको पाइयो । शिक्षकहरुले आफ्नो ज्ञान सीपलाई प्रस्तुत गर्दा शिक्षण सिकाइ सम्बन्धी ज्ञान विभिन्न पाठ्यपुस्तकको अध्ययन, पाठ्यक्रमको आधार लिने, पेशागत अनुभव, तालिम, सेमिनार, गोष्ठी, अन्तरक्रिया, माथिल्लो तहमा अध्यापनरत शिक्षक साथीहरुबाट रायसल्लाह लिने गरेको पाइयो । संचार जगतमा आएको विकाससँगै अधिकांश शिक्षकले शिक्षणको क्रममा आइपरेका समस्यालाई समाधान गर्नको लागि इन्टरनेटको प्रयोग गरी शिक्षणमा आएको नवप्रवर्तक तथा नवीनतम ज्ञानलाई प्रयोगमा ल्याउन कोशिश गरेको पाइयो ।

त्यस्तै शिक्षकहरुले आफूले शिक्षण सिकाइ क्रियाकलापमा आएको समस्या समाधान गर्न, आत्मविश्वासी बन्न, सिकाइमा सुधार ल्याउन आत्म निर्देशित बन्न, स्रोत र साधनहरुको संकलन गरी उपयोगमा ल्याउन, नीति नियमको जानकारी लिन ,मूल्यांकन र अनुगमन प्रणालीमा सुधार ल्याउनको लागि आवश्यक रुपमा अन्तरवैयक्तिक सम्बन्ध र संचारको उपयोग गर्न प्रयत्नशील रहेको पाइयो ।

अध्ययनको लागि छनोट गरिएका अधिकांश शिक्षकहरु तालिम प्राप्त भएर पनि तालिममा प्राप्त गरेका ज्ञान सीपलाई कक्षाकोठामा कार्यान्वयन नगरेको पाइयो । तालिमलाई बढुवाको आधारको रुपमा मात्र लिने गरेको पाइयो । शिक्षक समाजको मार्गदर्शक भएकोले शिक्षकमा शिक्षण विधि, मूल्यांकन विधि आदिमा समावेशीकरण अपानाई शिक्षण गर्नुपर्ने मान्यता अनुरुप शिक्षण अनुभव अन्तरक्रियात्मक माध्यमबाट मूल्याँकन, कक्षाकोठाको व्यवस्थापन, चारित्रिक गुण, मनोबैज्ञानिक गुण, शैक्षिक सामागी निर्माण र प्रयोगको ज्ञान, पेशागत गुण आदिको विकास गर्ने गरेको गरेको पाइयो । खासगरी शिक्षकको ज्ञान र सीपको विकास कार्यक्षेत्र सिकाइ शिक्षण अनुभवबाट हुने गरेको पाइयो ।

छनोट गरिएका अधिकांश शिक्षकहरुमा शिक्षणको क्रममा विभिन्न किसिमका समस्याहरुलाई समाधान गर्न विभिन्न किसिमका तरिकाहरु खासगरी स्रोतव्यक्ति, प्र.अ. एवम् विषयशेषज्ञ शैक्षिक परामर्श अपनाएको पाइयो । त्यस्तै शिक्षकको कक्षा अवलोकन गर्ने क्रममा कक्षाकोठामा गरिने शिक्षण सिकाई प्रक्रियामा तालमेल नमिलेको पाइयो । शिक्षण

गर्ने क्रममा शिक्षकले विद्यार्थीलाई उचित पृष्ठपोषण नदिएको पाइयो । जसले गर्दा विद्यार्थीमा आज कुन पाठ अध्ययन गर्दैछु भन्ने कुरामा नै चासो नदिएको पाइयो ।

त्यस्तै विद्यार्थीहरु लक्षित समूह छलफल गर्दा अधिकांश विद्यार्थीहरुले शिक्षकले हामीलाई बुझाइबुझाइ हामीलाई सिकाइदिनुहुन्छ भन्ने सकारात्मक जवाफ दिएको पाइयो । तर कक्षा अवलोकनको क्रममा सो कुरा कार्यान्वयन नभएको पाइयो । त्यसरी नै शिक्षण सिकाइको क्रममा समय समयमा प्र.अ. ले शिक्षकको कक्षा अवलोकन गरी केही कमी कमजोरीहरु भएमा त्यसको पहिचान गरी उचित पृष्ठपोषण दिइएको पाइएन ।

## ५.३ सुझाव

यस अध्ययनबाट प्राप्त संरचनाका व्याख्या विश्लेषणबाट आएका प्राप्तिलाई संस्लेषण गर्दा निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ :-

- यस अध्ययन अनुसन्धानको क्रममा शिक्षकले आफ्नो पेशाप्रति उत्तरदायित्व बहन कम गरी पेशागत अभिवृद्धिको पक्षमा खासै ध्यान नदिएको साथै तालिमलाई बढुवाको दृष्टिकोणबाट हेरेको र तालिमबाट प्राप्त ज्ञानलाई कक्षाकोठामा खासै प्रयोग नगरेको पाइयो । शिक्षकको पेशा शिक्षण हो । शिक्षणका लागि उसमा शैक्षिक र प्राज्ञिक ज्ञानको आवश्यकता पर्दछ । त्यसैले पेशागत ज्ञानलाई नियमित रुपमा सुधार र अद्यावधिक गरिनुपर्दछ ।
- शिक्षकले गर्ने आचरण र व्यवहारलाई समाज र खासगरी विद्यार्थीले अनुसरण गर्ने भएकोले शिक्षकले आफूमाथिको जनआस्था र विश्वास कायम राख्ने गरी काम गर्नुपर्छ र सबै विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा दिएर आफ्नो पेशागत सम्मान बढाउनुपर्दछ ।
- प्रत्येक पलमा भइरहेको परिवर्तनलाई आत्मसाथ गरी शिक्षमा आएका नवप्रवर्तकहरुलाई उपयोग गरी शिक्षण गर्नको लागि शिक्षक सधैं आफ्नो ज्ञानलाई अद्यावधिक गर्नु, सिक्नु पेशाप्रतिको प्रतिबद्धताको अभिन्न अङ्ग हो भन्ने कुरालाई स्वीकार्दै सिकाइको प्रक्रिया, तरिका र समय निर्धारण गर्नुपर्दछ ।
- शिक्षकले कक्षा शिक्षणलाई सफल तथा प्रभावकारी बनाउन आफ्नो योग्यता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

- शिक्षक स्वयम्ले आफूलाई परिमार्जित गर्न नसक्दा शिक्षकको पेशालाई सम्मानित पेशाको रुपमा लिन सकिएको छैन । त्यसैले आफूलाई विभिन्न सीप तथा गुणयुक्त गराइ शिक्षण पेशालाई सम्मानित एवम् मर्यादित पेशाको रुपमा विकसित गरिनुपर्दछ ।
- शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्न वा अध्यापन कार्य नियमसंगत रुपले चलेको छ छैन ,तोकिएको पाठ्यक्रम तथा पाठ्यपुस्तक सञ्चालन भएको छ छैन,त्यसका लागि नियमित रुपमा निरीक्षण र अनुगमन प्रक्रियालाई निरन्तरता दिनुपर्दछ ।
- तालिमले कुनैपनि व्यक्तिमा भएको ज्ञान, सीपलाई प्रस्फुटन गराइ सिकाइको प्रक्रियामा विद्यार्थी समक्ष हस्तान्तरण गर्ने गर्दछ । त्यसैले विद्यालय तहको शिक्षाको लागि शिक्षक अनिवार्य तालिम प्राप्त भई तालिममा प्राप्त गरेका ज्ञान सीपलाई विद्यार्थीमाझ अनिवार्य प्रस्तुत गरिनुपर्दछ ।
- शिक्षकको पेशागत दक्षता विकास गर्नका लागि तालिमलाई व्यवस्थित एवम् मागमा आधारित हुनेगरी सञ्चालन गरिनु पर्दछ ।
- भोलिका कर्णाधार बालबालिकाको लागि राष्ट्रले राज्य निर्माणका लागि आवश्यक जनशक्ति उत्पादनका लागि शिक्षामा प्रशस्त लगानी गरेको हुन्छ, त्यसलाई सफल बनाउनको लागि शिक्षकहरु पेशाप्रति कर्तव्यनिष्ठ, जिम्मेवार र जागरुक बन्नु पर्दछ ।
- शिक्षण एक चुनौतीपूर्ण र सम्मानजनक पेशा हो । अन्य पेशासरह पारिश्रमिक तलब भत्ता सुविधा प्रदान गरिनु पर्दछ ।
- केही सस्थाबाट मात्र पूर्वसेवाकालीन तालिम सञ्चालन भइरहेको छ । सरकारले पूर्वसेवाकालीन तालिमको व्यवस्था गर्नुपर्दछ ।
- विद्यालय तहको हरेक विषयको समस्या समाधान गर्न सक्ने गरी शिक्षकहरु तयार गर्नको लागि शिक्षक तालिमलाई पुनसंरचित गरी बहुविषय शिक्षण गर्नसक्नेमा बनाउनुपर्दछ ।
- शिक्षक प्रशिक्षकहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरी पेशागत दक्षता कायम गर्न छुट्टै सेवा सञ्चालन गर्नुपर्दछ ।
- शिक्षक दरबन्दीमा समानुपातिक वितरण गरी विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षकको नियुक्ति गरिनुपर्दछ ।

- तालिम र अध्यापन विषयवस्तुप्रति तालमेल मिलाई व्यवहारिक बनाउनुपर्दछ ।
- शिक्षण गर्नको लागि अध्ययन अनुमति पत्रलाई अनिवार्य गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।
- शिक्षकहरुमा भएको ज्ञान सीपलाई निरन्तर रुपमा अद्यावधिक गरिरहनको लागि कार्यशाला, छलफल, गोष्ठी, सभा सम्मेलन, तालिम तथा अन्तरक्रियात्मक क्रियाकलापमा सहभागी हुनुपर्दछ ।
- शिक्षकहरुले आफूलाई निरन्तर रुपमा समय सापेक्ष र नेतृत्व सीपको विकास गर्न व्यवसायिक अनुसन्धनात्मक लेख रचना प्रकाशन गर्नुपर्दछ ।
- शिक्षकलाई प्रदान गरिने पेशागत विकास तालिमको शिक्षणको क्रममा देखिएका सम्पूर्ण समस्याहरु समाधान गर्न नसकेकोले अनुभवी एवम् दक्ष व्यक्तिबाट तालिम प्रदान गर्नुपर्ने देखिन्छ ।
- अध्ययनको क्रममा आधुनिक शिक्षण विधि एवम् प्रविधिहरुको प्रयोग हुन नसकेको आजको वैज्ञानिक युगमा हरेक प्रकारका समस्या समाधान गर्न सूचना प्रविधिको पहुँचलाई हरेक विद्यालयमा स्थापित गरिनुपर्दछ ।

# सन्दर्भ सामाग्री


अधिकारी, बलराम (२०६८), प्राथमिक शिक्षाका सैद्धान्तिक पक्षहरु, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ

अधिकारी,विष्णुप्रसाद (२०६६), माध्यमिक तह अध्यापन अनुमतिपत्र परीक्षा दपर्ण, आशिष पुस्तक भण्डार

अधिकारी, विष्णुप्रसाद (२०६९), प्राथमिक शिक्षक दिग्दर्शन, आशिष पुस्तक भण्डार

खनाल पेशल (२०६७), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौँ, सनलाइट पब्लिकेसन

पण्डित रामजीप्रसाद (२०५८), गणित शिक्षण , अनन्त प्रकाशन, काठमाडौ, नेपाल

पाठ्यक्रम विकास केन्द्र, (२०६३), नेपालमा विद्यालय तहका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप , भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र

प्राथमिक शिक्षकका लागि हाते पुस्तक, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौँ

लुईटेल, डिल्लीराम )२०६९/०७०), प्राथमिक शिक्षक प्रतियोगिता दिग्दर्शन , मकालु प्रकाशन गृह

शर्मा र शर्मा (२०६३), पाठ्यक्रम र मूल्यांकन, एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स

शर्मा, एम्.आर.(२०६९), शिक्षक सेवा आयोग परीक्षा सारथि प्राथमिक तह, गुडविल पब्लिकेशन प्रा.लि.

शिक्षक निर्देशिकाहरु (१(५), पाठ्यक्रम विकास केन्द्र

शिक्षक मासिक पत्रिकाका विविध अङ्कहरु

शिक्षक शिक्षा २०६३ , शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुर

सिंह, नागेश्वर (२०६३), शिक्षाका आधारहरु, पैरवी प्रकाशन

Khanal,Peshal(2010), *Writing Research Proposal and Research*, Kathmadu: sunlight publication

परिशिष्ट- १

## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम : मिति:

तह :

विद्यालयको नाम : विषय :

शैक्षिक योग्यता :

१. शिक्षकलाई किन सिकारुको रुपमा लिइन्छ ?

२ विषयगत ज्ञानलाई गहिराइसम्म पुर्‍याउनको लागि कस्ता कस्ता पाठ्यपुस्तकहरु अध्ययन गर्नुहुन्छ ?

३. विषयगत ज्ञान सीपको विकास गर्न क कसको सहयोग लिनुहुन्छ ?

४. शिक्षणमा विधार्थीहरुलाई कसरी उत्प्रेरीत गर्नु हुनुहुन्छ ?

५ कक्षाकोठामा उपयूक्त शिक्षण वातावरणको तयारी कसरी गर्नु हुन्छ ?

५. पेशागत दक्षता अभिवृद्धिका लागि कस्ता कस्ता कुरामा जोड दिनुहुन्छ ?

६. तपाईले शिक्षक तालिम लिनुभएको छ कि छैन ? लिनुभए्को छ भने कस्तो तालिम लिनुभएको छ ?

७. शिक्षण सिकाइ प्रक्रियामा तपाईंलाई तालिमले कुन कुन पक्षमा सहयोग गरेको छ ?

८. शिक्षणमा आएका नवीनतम प्रविधि तथा विधिहरुको ज्ञान कहाँबाट प्राप्त गर्नुहुन्छ ?

९. असल शिक्षक बन्न के गर्नुपर्ला ?

१०. असल शिक्षक बन्नका लागि के कस्ता गुणको आवश्यकता पर्दछ ?

११. कक्षा शिक्षणलाई कसरी मनोरञ्जनपूर्ण बनाउनुहुन्छ ताकि विद्यार्थीहरुले सजिलै सिक्न सकून ?

१२. अध्यापन कार्यमा आइपरेका समस्या समाधानको लागि के गर्नुहुन्छ ?

१३. शिक्षणलाई अझ बढी प्रभावकारी बनाउन के गर्नुहुन्छ ?

१४. तपाई आफू शिक्षक भएको हैसियतले यो पेशाबाट कस्तो अनुभव गर्नुहुन्छ ?

१५. विद्यार्थीको मूल्यांकन कसरी गर्नुहुन्छ ?

१६. कक्षाकोठा शिक्षणमा शैंक्षणिक सामग्रिको व्यवस्थापन कसरी गर्नु हुन्छ ?

१७. तपाईले शिक्षण गर्न लागेको पाठ र त्यससँग सम्बन्धित शिक्षण विधि प्रयोग गरी शिक्षण गराउदा समस्यामा पर्नुभएको छ कि छैन ? छ भने कस्तो खालको समस्या परेको छ ?

परिशिष्ट- २

## प्रधानाध्यापकका लागि प्रश्नावली

प्रधानाध्यापकको नाम : मिति :

विद्यालयको नाम :

१. तपाईको विद्यालयमा शिक्षकहरुको ज्ञान सीपको विकास गर्ने उद्देश्यले के कस्तो क्रियाकलाप संञ्चालन गर्नुभएको छ ?

२. शिक्षकलाई सिकारुको रुपमा लिनुहुन्छ कि लिनुहुन्न ? यदि लिनुहुन्छ भने कसरी ?

३. प्र.अ. भइ विद्यालय सञ्चालन गरिरहेको अवस्थामा शिक्षकको ज्ञान र सीपको विकास गर्न कुन कुन पक्षमा सहयोग गर्नुपर्ने देख्नुहुन्छ ?

४. शिक्षण सिकाइ प्रक्रियाको अवस्थामा शिक्षकलाई आएको समस्या समाधानको लागि के कस्ता कदमहरु चालनु भएका छन् ?

५. शिक्षकको ज्ञान र सीपको विकास गर्नका लागि विद्यालयमा कस्तो वातावरण सिर्जना गरिदिनुभएको छ ?

६. विद्यालय परिवार र समुदायबीचको सम्बन्ध सुदृढ पार्न शिक्षकले कस्तो भूमिका खेल्नुपर्छ ?

७. शिक्षकको ज्ञान र सीपको विकास गर्नको लागि कसरी स्रोत संकलन गर्नु भएको छ ?

८. तपाईको विद्यालयमा पुस्तकालय छ कि छैन ? छ भने कस्ता खालका सामाग्री र पुस्तकहरु छन् ?

९. शिक्षकको नेतृत्व विकासको लागि कस्ता कार्यक्रम संचालन भएका छन् ?

परिशिष्ट- ३

## श्रोत व्यक्तिका लागि प्रश्नावली

श्रोत व्यक्तिको नाम : मिति :

श्रोत केन्द्र विद्यालयको नाम : जिल्ला :

श्रोत केन्द्र क्षेत्र : श्रोत केन्द्र अन्तगर्त विद्यालय संख्या :

१. श्रोत व्यक्तिको हैसियतले आफ्नो कार्य क्षेत्रमा शिक्षकको ज्ञान र सीपको विकासका लागि कस्ता क्रियाकलाप गर्नुभएको छ ?

२. श्रोत केन्द्रबाट संचालन हुने क्रियाकलापमा शिक्षकको सहभागिता कस्तो पाउनुभएको छ ?

३. यसरी संचालन हुने क्रियाकलापमा सहभागी शिक्षकको के कस्ता धारणा प्राप्त गर्नुभएको छ ?

४. शिक्षकका ज्ञान र सीपको विकास गर्नको लागि के कस्ता क्रियाकलाप गर्नुपर्ने देखिन्छ ?

५. आफ्नो कार्य क्षेत्र भित्रका शिक्षकहरुको आफ्नो ज्ञान र सीप विकासको अवस्था कस्तो छ ?

६. श्रोत व्यक्ति शिक्षकको सहयोगी, समन्वयकर्ता, व्यवसायिक मित्रका हैसियतले शिक्षकमा कुन कुन पक्षको विकास गर्नुपर्ने देख्नुहुन्छ ?

७. शिक्षकहरुको ज्ञान र सीपको विकासका लागि कुन कुन पक्षमा जोड दिनुपर्ने देख्नुहुन्छ ?

८. शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले के कस्ता समस्या भोगेको पाउनुभएको छ ?

९. त्यस्ता समस्याहरुलाई शिक्षकले कसरी समाधान गर्ने गरेको पाउनुभएको छ ?

१०. शिक्षकहरुको ज्ञान र सीपको विकास गर्नको लागि श्रोत केन्द्र बाहेक अन्य कुन कुन निकायले सहयोग गर्नुपर्ने देख्नुहुन्छ ?

परिशिष्ट- ४

## विद्यार्थीहरु सँग गरिने लक्षित समूह छलफल निर्देशिका

१. किताबका पाठहरु रुचिपूर्ण छन् कि छैनन् ? सबैभन्दा रुचि लाग्ने विषय कुन हो ?

२. शिक्षकले कस्ता सामाग्रीहरु प्रयोग गरी पढाउनुहुन्छ ? कुन कुन विधि प्रयोग गर्नुहुन्छ ?

३. नबुझेको कुरा शिक्षकले मलाई त आएन भन्दा कस्तो व्यवहार गर्नुहुन्छ ?

४. कुन शिक्षकले पढाएको राम्रोसँग बुझाइ बुझाइ पढाउनुहुन्छ ?

५. साथी साथी बीच सहयोगको भावना छ कि छैन ?

८. शिक्षकले पढाएको कुरा बुझिएन भने आफूभन्दा अलि जान्ने साथीले सिकाइ दिनुहुन्छ कि हुन्न ?

९. यस स्कुलमा पढ्न पाउदा कस्तो अनुभव गर्नुभएको छ ?

परिशिष्ट- **५**

## कक्षा अवलोकन फाराम

शिक्षकको नाम : मिति :

विद्यालयको नाम : विषय :

कक्षा : घण्टी :

१. शिक्षक समयमा कक्षामा आउनुभयो ? प्रारम्भमा के गर्नुभयो ?

२. शिक्षकले विद्यार्थीको पाठ्यपुस्तक प्रयोग गर्नुभयो कि आफैले ल्याउनु भयो ?

३. शिक्षकले कुन शिक्षण विधि प्रयोग गर्नु भयो ?

४. सो विधि प्रयोग गर्दा बुझे वा बुझेनन् ?

५. नबुझ्दा कसरी बुझाउनुभयो ?

६. विद्यार्थीहरुसँग अन्तरक्रिया र क्रियाकलाप गराउदा कस्तो विधिहरु अपनाउनुभयो ?

७. विद्यार्थी सहभागिता कसरी गराउनुभयो ?

८. विद्यार्थीहरुलाई कसरी पृष्ठपोषण दिनुभयो ?

९. विद्यार्थीहरुलाई सजाय दिनुभयो कि भएन? विद्यार्थीहरुलाई कसरी प्रोत्साहित गर्नुभयो ?

१०. शिक्षण गर्ने क्रममा शिक्षकलाई के कुरामा समस्या देखियो ?

११. शिक्षकले पाठको निचोड बताउदा कुन प्रक्रिया अपनाउनु भयो ?

## परिशिष्ट- ६

### छनोटमा परेका विद्यालय, प्रधानाध्यापक, शिक्षक र स्रोत व्यक्तिको नाम

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | शिक्षकको नाम | स्रोत व्यक्तिको नाम |
|---|---|---|---|---|
| १. | श्री चन्द्रकमलमा.वि.मर्चैया, सितापुर-५ | श्री टेक नारायण श्रेष्ठ | श्री सियाराम चौधरी | श्री यज्ञ ढकाल |
| २. | श्री शनिश्चरे मा.वि. डूम्राहा-१ | श्री निरञ्जन दास | श्री रामबाबु खडका | श्री यज्ञ ढकाल |
| ३. | श्री शेहरा पा.वि सोह्ननम्बर डूम्राहा-२ | श्री हेम बहादुर मल्ल | श्री शुशिला कार्की | श्री यज्ञ ढकाल |
| ४. | श्री त्रिभुवन मा.वि. बंकेलवा डूम्राहा -७ | | महेश प्रशाद मंडल | श्री यज्ञ ढकाल |
| ५. | श्री सरस्वति प्रा.वि. डुमाहा-८ | | श्री शुनिता साह | श्री यज्ञ ढकाल |
| ६. | .श्री वि.पि. नि.मा.वि डूम्राहा -९ | | श्री निशा झा | श्री यज्ञ ढकाल |